मल्लरानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्यूठान, ५ नं. प्रदेश, नेपाल

## मल्लरानी गाउँपालिकाको जनसंख्या तथा सामाजिक अवस्था सम्बन्धि

# अध्यावधिक बस्तुस्थिती विवरण, २०७६

**सहयोग:**

सिद्धार्थ सामुदायिक विकास केन्द्र, कपिलवस्तु

संयुक्त राष्ट्रसंघिय जनसंख्या कोष (UNFPA)

**प्राविधिक सहयोग:** राष्ट्रिय अपाङ्ग सेवा संघ, प्यूठान

# विषय सूची


परिच्छेद १ः पारिवारिक विवरण तथा जनसंख्याको अवस्था ........ ३

१.१ परिचय ........ ३

१.२ वस्ती विवरण ........ ४

१.३ वडा अनुसार क्षेत्रफल, घरधुरी र जनसंख्या वितरणको अवस्था ........ ४

१.४ वडा अनुसार घरधुरीको आधारमा औषत परिवार जनसंख्या विवरण ........ ५

१.५ वडा अनुसार महिला र पुरुष जनसंख्या विवरण ........ ६

१.६ वडा अनुसार जनसंख्या वितरण ........ ६

१.७ उमेर समुह तथा लिंगको आधारमा जनसंख्या वितरण ........ ७

१.८ जातिगत आधारमा जनसंख्या विवरण ........ ९

१.९ मातृभाषाको आधारमा जनसंख्या विवरण ........ ९

१.१० धर्म अनुसारको जनसंख्या विवरण ........ ९१

१.११ उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका ब्यक्तिहरुको बैवाहिक स्थितिको विवरण ........ ११

१.१२ विवाहित ब्यक्तिहरुको विवाहको प्रकारको आधारमा बैवाहिक स्थितिको विवरण ........ १२

१.१३ पहिलो विवाह गर्दाको उमेरको विवरण ........ १३

१.१४ पेशाका आधारमा जनसंख्या विवरण ........ १३

१.१५ आर्थिक रुपले सक्रिय जनसंख्या विवरण ........ १४

१.१६ आश्रित जनसंख्याको विवरण ........ १४

१.१७ घरमूलीको लैगिक विवरण ........ १४

१.१८ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ........ १५

१.१९ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ........ १६

१.२० अपाङ्गताको आधारमा जनसंख्या ........ १६

१.२१ बसाईसराइ सम्बन्धी विवरण ........ १७

१.२२ ब्यक्तिगत घटना सम्बन्धी विवरण ........ १७

१.२३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण ........ १८

परिच्छेद २ः सामाजिक अवस्था ........ १९

२.१ शैक्षिक तथा मानव संशाधन विकास ........ १९

२.१.१ पाँच वर्ष भन्दा माथि र १५ वर्ष भन्दा माथिको साक्षरता विवर ........ १९

२.१.२ पाँच वर्ष र सोभन्दा माथिको शैक्षिक अवस्था ........ १९

२.१.३ तहगत रुपमा शैक्षिक संस्था/विद्यालय (सामुदायिक, संस्थागत) ........ २०

२.१.४ विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण ........ २०

२.१.५ क्याम्पस तथा प्राविधिक शिक्षालय र अध्ययनरत छात्रछात्राको विवरण ........ २०

२.१.६ सिकाई उपलब्धि ........ २१

२.१.७ खुद भर्ना, निरन्तरता तथा टिकाउ दर ........ २१

२.१.८ बाल विकास केन्द्रको विवरण ( अनुसूची नं. २ हेर्नुहोस्) ........ २२

२.१.८ विद्यालय शान्ति क्षेत्र र विद्यालय सुधार योजना ........ २२
२.१.१० आधारभूत र माध्यामिक विद्यालयमा पहुँचको अवस्था (प्रमुख वस्तीहरुबाट विद्यालय पुग्न लाग्ने समय) ........ २२
२.१.११ शैक्षिक संस्था उपलब्ध भौतिक पूर्वाधार तथा सुविधा ........ २२
२.१.१२ छात्रबृत्ति तथा अन्य लक्षित सुविधा उपलब्धताको अवस्था (छात्रबृत्ति, बालअनुदान, दिवा खाजा) ........ २३
२.१.१३ नमुना तथा इन्टरनेट सुविधा उपलब्ध विद्यालय विवरण ........ २४
२.१.१४ सुधारिएको मापदण्ड (भुकम्म प्रतिरोधि) अनुसार निर्माण भएका विद्यालय ........ २४
२.१.१५ स्थानीय सरकारको शिक्षा क्षेत्रमा लगानी ........ २४
२.१.१६ प्राविधिक तथा विशेष सीपयूक्त मानव संसाधन ........ २५
२.१.१७ अपाङ्गता तथा विशेष शिक्षा स्रोतकक्षा र विद्यार्थी विवरण ........ २५
२.२ स्वास्थ्य र पोषण ........ २८
२.२.१ स्वास्थ्य संस्था र संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण ........ २६
२.२.२ खोप सेवा तथा सुरक्षित मातृत्व सम्बन्धी विवरण ........ २७
२.२.३ परिवार योजना सेवा ........ २८
२.२.४ पोषणको अवस्था ........ २८
२.२.५ बाल स्वास्थ्यको अवस्था ........ २८
२.२.६ मल्लरानी गा.पा. मा स्वास्थ्य संस्थाबाट सेवा लिने सेवाग्राहीको विवरण ........ ३१
२.२.७ मल्लरानी गा.पा. मा पाईएका प्रमुख रोग सम्वन्धी विवरण ........ ३१
२.२.८ सुरक्षित मातृत्व ........ ३२
२.३ खानेपानी तथा सरसफाई ........ ३३
२.३.१ खानेपानी स्रोतको विवरण ........ २८
२.३.२ शौचालय प्रयोगको अवस्था ........ ३३
२.३.३ फोहोरमैला व्यवस्थापन ........ ३३
२.३.४ ढल निकासको व्यवस्था ........ ३४
२.४ महिला वालवालिका तथा सामाजिक समावेसिकरण ........ २८
२.४.१ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण ........ ३४
२.४.२ महिला सहकारी संस्था विवरण ........ ३४
२.४.३ बालश्रमको अवस्था ........ ३४
२.४.४ बालक्लव तथा संजालको विवरण ........ ३५
२.४.५ अल्पसंख्यक सीमान्तकृत वर्गको विवरण ........ ३५
२.४.६ वार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजित बजेट तथा खर्चको अवस्था ........ ३६
२.५ युवा तथा खेलकुद र मनोरञ्जन ........ ३७
२.५.१ खेल मैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्वन्धी विवरण ........ ३७
२.५.२ व्यवसायिक खेलाडिको विवरण ........ २८
२.६.१ कला, भाषा तथा संस्कृति ........ ३८
२.६.२ भेषभुषा तथा चालचलन ........ ३८
२.६.३ सार्वजनिक स्थल, पाटी पौवा, धार्मिक तथा ऐतिहासिक स्थल र चौतारा ........ ३९

# परिच्छेद १ः पारिवारिक विवरण तथा जनसंख्याको अवस्था

## १.१ परिचय

कुनै एउटा निश्चित भौगोलिक सीमा भित्र कुनै तोकिएको समयमा वसोवास गर्ने मानिसहरुको संख्यालाई जनसंख्या भनिन्छ । जनसंख्या आफैं विकासको साधन र साध्य दुवै हो । विकास र जनसंख्या वीच अन्योन्याश्रित सम्वन्ध रहेको हुन्छ । त्यसकारण कुनै ठाउँको विकास गर्ने हो भने त्यस ठाउँको जन्म, मृत्यु, वसाईसराईको अवस्था कस्तो छ भन्ने जानकारी हुनु आवश्यक छ । कुनै ठाउँको जनसंख्याको आकारमा फेरवदल यी नै तिन तत्वहरुमा निर्भर रहन्छ। परिवर्तित परिस्थितिमा नेपालको सम्वृद्दी र सुखी नेपालको सपना तव मात्र सम्भव छ, जव हामीले जनसंख्याको सवै विशेषताहरुको अध्ययन र विश्लेषण गरी राम्रो आवधिक र वार्षिक योजना तर्जुमा गर्छौ । राम्रो योजना तर्जुमा गर्न हरेक देशले आवधिक रुपमा आफ्नो देश भित्र वसोवास गर्न हरेक नागरिकको जन्म, मृत्यु, वसाई सराई, जातजाति, धर्म, संस्कृति, शिक्षा, स्वास्थ्य, यातायात, अस्पताल, विद्यालय, कृषि, पशुपालन, ब्यापार, भौतिक सुविधा आदि सम्पूर्ण विषयवस्तुको तथ्याङ्क संकलन तथा विश्लेषण गर्न आवश्यक हुन्छ । यस्ता तथ्याङ्कको स्रोतको रुपमा आवधिक रुपमा गरिने जनगणना, आवधिक रुपमा गर्ने जानसांख्यिक सर्मेक्षणहरु, विभिन्न सर्मेक्षणहरु, नियमित रुपमा सरकारले संकलन गर्ने पंजिकरण लगायतका तथ्याङ्क संकलन एव अर्न्तराष्ट्रिय संघ संस्थाहरुले प्रकाशित गर्ने प्रकासनहरु पर्दछन् । नेपालको सर्न्दभमा अन्य स्रोतहरु भन्दा प्रत्येक १० वर्षमा गरिने राष्ट्रिय जनगणना नै तथ्याङ्कको प्रमुख स्रोत हो । सन् १९११ देखि शुरु भएको जनगणणा नै नेपालमा भएको प्रथम वैज्ञानिक र आधुनिक जनगणना हो र सन् २०११ (वि.सं २०६८) मा गरिएको जनगणना सबभन्दा पछिल्लो १० औं जनगणना हो । यो पार्श्वचित्रमा हामीले यही २०६८ सालको जनगणनाको तथ्याङ्कलाई नै मुख्य तथ्याङ्कको स्रोतको रुपमा लिएका छौं । यही जनगणनाको तथ्याङ्कको आधारमा जनसंख्याको विभिन्न पक्षको विश्लेषण गरिएको छ ।

तालिका नं १ः जनसंख्या वितरणको अवस्था

| वडा नं. | जम्मा क्षेत्रफल | औसत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | १५.५३ | ४.७९ | ५९२ | २,८३४ | ११९९ | १६३५ | १८२.४९ |
| २ | १२.७ | ४.६५ | ६४० | २,९७९ | १२७६ | १७०३ | २३४.५७ |
| ३ | २६.०८ | ४.२६ | ९९८ | ४,२५५ | १७३९ | २५१६ | १६३.१५ |
| ४ | १२.३४ | ३.७६ | १३५८ | ५,१०० | २२८४ | २८१६ | ४१३.२९ |
| ५ | १३.५४ | ४.७३ | ५३२ | २,५१८ | १०४६ | १४७२ | १८५.९७ |
| जम्मा | ८०.१८ | ४.२९ | ४,१२० | १७,६८६ | ७,५४४ | १०,१४२ | २२०.५८ |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

तालिका १ का अनुसार मल्लरानी गाउँपालिकाको जनसंख्या १७,६८६ रहेको छ । जसमा महिलाको जनसंख्या १०,१४२ ( ५७.३४%) र पुरुषको जनसंख्या ७,५४४ (४२.६६%) रहेको छ । मल्लरानी गाउँपालिकामा महिलाको जनसंख्याको तुलनामा पुरुषको जनसंख्या २,५९८ जना अर्थात १४.६८% ले कम छ । यस तालिकामा लैगिक अनुपात अर्थात् प्रति सयजना महिलामा पुरुषको संख्या ७४.३८ जना मात्र रहेको छ। यो लैंगिक हिसावले धेरै असुन्तलित जनसंख्या वितरणको अवस्था हो । यसलाई बुझिने भाषामा भन्नुपर्दा १०,००० महिला जनसंख्या हुँदा पुरुषको जनसंख्या ७,४३८ मात्र हुनु हो । यो अनुपातको हिसाव करोडौमा गर्दा धेरै संख्यामा अन्तर हुन आउने हुन्छ । नेपालको जनसंख्यामा रहेको लैगिंक अनुपात (७८.१३) सार्क देशहरु (९४) मध्ये सवैभन्दा कम हो। अझ मल्लरानी गा.पा. को लैगिक अनुपात (७४.३८) त झन राष्ट्रिय लैगिंक अनुपात भन्दा पनि कम छ ।

समग्र जिल्लाको कुल जनसंख्या २२८,१०२ मध्य यस गाउँपालिकामा १७,६८६ (७.७५%) जनसंख्या रहेको छ । यस गाउँपालिकामा जम्मा ४,१२० घरधुरी रहेको छ । यहाँको औषत परिवार संख्या जिल्लाको औषत परिवार संख्या (४.७८) भन्दा ०.४९ जनाले कम अर्थात् ४.२९ देखिन्छ ।


## १.२ बस्ती विवरण

तालिका नं. २: गाउँपालिकाको वडा विभाजन

| वडा नं | समावेश भएका साविकका गा.वि.स./न.पाहरु | साविक का वडाहरु |
|---|---|---|
| १ | चुंजा | १[illegible]४ |
| २ | चुंजा | ५[illegible]९ |
| ३ | धरमपानी | १[illegible]९ |
| | रस्पुरकोट | ६[illegible]९ |
| ४ | प्यूठान | १[illegible]३ र ५ |
| ५ | प्यूठान | १८ |

*स्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय*

राज्य पुर्नसंरचना गर्ने सिलसिलामा मल्लरानी गाउँपालिका वि.सं. २०७३ साल फागुन २२ गते स्थापना भएको हो । यस गाउँपालिका साविक प्यूठान न.पा. को वडा नं १, २, ३, ५, १८ र चुंजा गा.वि.स., धरमपानि गा.वि.स र रस्पुरकोट गा.वि.स को वडा नं. ६, ७, ८, र ९ समावेश गरी निर्माण गरिएको हो ।




नक्सा नं १: मल्लरानी गाउँपालिकाको वडा विभाजन

## १.३ वडा अनुसार क्षेत्रफल, घरधुरी र जनसंख्या वितरणको अवस्था


तालिका नं ३ मा दिइए अनुसार यो गाउँपालिकाको क्षेत्रफलको आधारमा सवभन्दा ठूलो वडा नं. ३ हो, जसको क्षेत्रफल २६.०८ वर्ग कि.मि. रहेको छ । दोस्रो, तेस्रो, चौथो र पाँचौ वडा क्रमश वडा नं १, वडा नं ५, वडा नं २, वडा नं ४ हो । तर जनसंख्या वितरणको हिसावले वडा नं ४ सवभन्दा ठूलो (५१००) र सवभन्दा सानो वडा नं. ५ (२५१८) हो । यसरी नै सवैभन्दा धेरै

जनघनत्व भएको वडा नं. ४ (४१३.२९ जना प्रति वर्ग कि.मी.) र सवै भन्दा कम जनघनत्व भएको वडा नं. ३ (१६३.१५ जना प्रतिवर्ग कि.मी) हो । समग्र गाउँपालिकाको जनघनत्व २२०.५८ जना प्रति वर्ग कि.मि. छ । यस गाउँपालिकाको कुल क्षेत्रफल ८०.१८ वर्ग कि.मी. छ ।

तालिका नं ३ः वडा अनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | जनसंख्या | जनघनत्व |
|---|---|---|---|
| १ | १५.५३ | २,८३४ | १८२.४९ |
| २ | १२.७ | २,९७९ | २३४.५७ |
| ३ | २६.०८ | ४,२५५ | १६३.१५ |
| ४ | १२.३४ | ५,१०० | ४१३.२९ |
| ५ | १३.५४ | २,५१८ | १८५.९७ |
| जम्मा | ८०.१८ | १७,६८६ | २२०.५८ |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*




श्रोत नक्सा २ः मल्लरानी गाउँपालिकाको वडाअनुसार जनसंख्या

## १.४ वडा अनुसार घरधुरीको आधारमा औषत परिवार जनसंख्या विवरण

तालिका नं. ४ः वडाअनुसार घरधुरीको आधारमा औषत परिवार वितरण

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | औषत परिवार प्रति घरधुरी |
|---|---|---|---|
| १ | ५९२ | २,८३४ | ४.७९ |
| २ | ६४० | २,९७९ | ४.६५ |
| ३ | ९९८ | ४,२५५ | ४.२६ |
| ४ | १३५८ | ५,१०० | ३.७६ |
| ५ | ५३२ | २,५१८ | ४.७३ |
| जम्मा | ४,१२० | १७,६८६ | ४.२९ |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

तालिका ४ मा दिइएको अनुसार यस मल्लरानी गाउँपालिकाको जनसंख्या १७,६८६ रहेको छ । यसमा जम्मा ४,१२० घरधुरी रहेको छ र औषत परिवार प्रति घरधुरी ४.२९ रहेको छ । यस गाउँपालिकामा सवैभन्दा धेरै घरधुरी, (१,३५८) वडा नं. ४ मा रहेको छ । दोस्रो ठूलो वडा नं. ३ (९९८) हो भने सवभन्दा कम घरधुरी भएको वडा नं. ५ (४३२) हो । औषत परिवारको हिसावले सवभन्दा ठूलो औषत परिवार भएको वडा नं. १ (४.७९) हो भने कम औषत परिवार भएको वडा नं. ४ (३.७६) हो ।

## १.५ वडा अनुसार महिला र पुरुष जनसंख्या विवरण

तालिका नं. ५ः वडा अनुसार महिला र पुरुष जनसंख्या विवरण

| वडा नं. | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जनघनत्व |
|---|---|---|---|---|---|
| १ | ११९९ | ४२.३ | १६३५ | ५७.७ | १८२.४९ |
| २ | १२७६ | ४२.८ | १७०३ | ५७.२ | २३४.५७ |
| ३ | १७३९ | ४०.९ | २५१६ | ५९.१ | १६३.१५ |
| ४ | २२८४ | ४४.८ | २८१६ | ५५.२ | ४१३.२९ |
| ५ | १०४६ | ४१.५ | १४७२ | ५८.५ | १८५.९७ |
| जम्मा | ७,५४४ | ४२.७ | १०,१४२ | ५७.३ | २२०.५८ |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

यस गाउँपालिकाको कुल जनसंख्या मध्य ७,५४४ जना (४२.७%) जनसंख्या पुरुष छन् भने १०,१४२ जना ५७.३% महिलाको जनसंख्या रहेको छ । त्यसैले लैंगिक अनुपात पनि निकै कम छ । यसरी हेर्दा सवै वडाहरुमा महिलाको जनसंख्याको तुलनामा पुरुषको जनसंख्या निकै कम छ । वडा नं. ३ मा महिलाको जनसंख्याको तुलनामा सबैभन्दा कम पुरुष जनसंख्या ( ४०.९%) रहेको छ ।

## १.६ वडा अनुसार जनसंख्या वितरण

तालिका नं. ६ का अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १७,६८६ मध्ये सवैभन्दा धेरै (२८.८५%) जनसंख्या वडा नं. ४ मा रहेको छ । दोस्रो ठूलो जनसंख्या (२४.१[illegible]) जनसंख्या वडा नं. ३ हो । त्यसपछि क्रमसः. १६.८%, १६.०% र १४.२% जनसंख्या क्रमसः वडा नं. २, १ र ५ मा रहेको छ ।

तालिका नं. ६ः वडाअनुसार जनसंख्या वितरण

| वडा नं. | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|
| १ | २,८३४ | १६.० |
| २ | २,९७९ | १६.८ |
| ३ | ४,२५५ | २४.१ |
| ४ | ५,१०० | २८.८ |
| ५ | २,५१८ | १४.२ |
| जम्मा | १७,६८६ | १००.० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

## १.७ उमेर समुह तथा लिंगको आधारमा जनसंख्या वितरण

तालिका नं. ७ः उमेर समूह तथा लिंगको अनुसार जनसंख्याको वितरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैंगिक अनुपात |
|---|---|---|---|---|---|
| ०–४ | १०३९ | १०५२ | २,०९१ | ११.८२ | ०.९९ |
| ५–९ | १२४५ | ११२९ | २,३७४ | १३.४२ | १.१० |
| १०–१४ | १३३४ | १२८९ | २,६२३ | १४.८३ | १.०३ |
| १५–१९ | ७६० | १२२५ | १,९८५ | ११.२२ | ०.६२ |
| २०–२४ | ४१२ | १०४७ | १,४५९ | ८.२५ | ०.३९ |
| २५–२९ | २९१ | ८०८ | १,०९९ | ६.२१ | ०.३६ |
| ३०–३४ | २९२ | ५५७ | ८४९ | ४.८० | ०.५२ |
| ३५–३९ | २८० | ५७५ | ८५५ | ४.८३ | ०.४९ |
| ४०–४४ | ३०३ | ५४० | ८४३ | ४.७७ | ०.५६ |
| ४५–४९ | ३१९ | ४२७ | ७४६ | ४.२२ | ०.७५ |
| ५०–५४ | २८६ | ३७५ | ६६१ | ३.७४ | ०.७६ |
| ५५–५९ | २८३ | ३४५ | ६२८ | ३.५५ | ०.८२ |
| ६०–६४ | २५७ | ३०६ | ५६३ | ३.१८ | ०.८४ |
| ६५–६९ | १८६ | २१७ | ४०३ | २.२८ | ०.८६ |
| ७०–७४ | १२४ | ११३ | २३७ | १.३४ | १.१० |
| ७५–७९ | ८१ | ७७ | १५८ | ०.८९ | १.०५ |
| ८०–८४ | ३६ | ४१ | ७७ | ०.४४ | ०.८८ |
| ८५–८९ | १४ | ११ | २५ | ०.१४ | १.२७ |
| ९०–९४ | २ | ६ | ८ | ०.०५ | ०.३३ |
| ९५ | ० | २ | २ | ०.०१ | ०.०० |
| जम्मा | ७,५४४ | १०,१४२ | १७,६८६ | १००.०० | ०.७४ |

स्रोत : राष्ट्रिय जनगणना, २०६८


उमेर अनुसार जनसंख्याको विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको उमेर समुह १०-१४ वर्ष उमेर समुह हो, जसले कुल जनसंख्याको १४.८३% जनसंख्या ओगटेको छ । दोस्रो धेरै जनसंख्या भएको उमेर समुह ५-९ वर्षको उमेर समुह हो, जस्मा २,३७४ जना अर्थात् १३.४२% जनसंख्या रहेको छ। ०-४ वर्ष उमेर समुहमा पनि २०९१ जना अर्थात् कुल जनसंख्याको ११.८२% जनसंख्या रहेको छ । नेपालको सन्दर्भमा यो उमेर समुहमा अन्य समुहमा भन्दा बढी मृत्यूदर हुने समुह हो । अझ एक वर्ष मुनिका बालबालिकाहरु पनि यसै समुहमा पर्ने भएकोले विभिन्न रोगहरुबाट बचाउन रोग प्रतिरोधात्मक सेवा (Preventive Service), प्रवर्द्धनात्मक सेवा (Promotive Service) र उपचारात्मक सेवामा (Curative Service) बढी लगानी गर्न आवश्यक हुन्छ । त्यसैले योजनाका नीति निर्माता, योजना कार्यान्वयनकर्ता र लगानीकर्ताले यो समुहको जनसंख्यालाई मध्यनजर राख्नुपर्दछ ।

यस गा.वि.स.मा १५ वर्ष मुनीको जनसंख्या (० देखि १४ वर्ष) ४०.०८ प्रतिशत रहेको छ । त्यसलाई बाल आश्रित जनसंख्या पनि भनिन्छ । यस समुहको लागि सरकारले स्वास्थ्य, शिक्षा, खानपिन, लुगाफाटा, विद्यालय, मनोरन्जन स्थल निर्माण आदिमा खर्च गर्नुपर्ने भएकोले सो मुताविकको योजना निर्माण गर्नुपर्दछ । तालिकामा दिइएको अनुसार मल्लरानी गाउँपालिकाको कुल जनसंख्या मध्ये आर्थिक रुपले सक्रिय जनसंख्या (१६ देखि ५९ वर्ष) ५१.६ प्रतिशत अर्थात् ९,१२५ रहेको छ । यदि मल्लरानी गाउँपालिकाले यो समुहको जनसंख्याको शिक्षा, स्वास्थ्य, प्राविधिक शिक्षा, तालिम र स्वदेशमै रोजगारीको अवस्था सिर्जना गरी परिचालन गर्ने हो भने तीव्र आर्थिक विकास गरेर जनसंख्याको लाभांस (Population Divident) प्राप्त गर्ने सुवर्ण अवसर प्राप्त छ । तालिकामा दिइए अनुसार १५ वर्ष मुनिको जनसंख्या ७,०८८ जना र ६० वर्ष र सो भन्दा माथिको जनसंख्या १,४७३

रहेको छ र आर्थिक रुपले सक्रिय हुने जनसंख्या ९,१२५ रहेकोले कुल आश्रित जनसंख्याको अनुपात ९३.८ देखिन्छ। जुन आर्थिक विकासको लागि उपयुक्त अवस्था हैन । तल दिइएको जनसंख्याको पिरामिड हे-यौ भने अचम्मको तथ्यांक हामी सामु देखिन्छ । यदि सामान्य अवस्था रहेको अवस्था हो भने सबभन्दा तलको उमेर समुह (० देखि ४ वर्ष) सम्मको बार सबभन्दा लामो हुनुपर्ने हो र त्यसभन्दा माथिका अन्य बारहरु क्रमश छोटो हुदै जानुपर्ने हो, तर मल्लराली गाउँपालीकाको जनसंख्याको पिरामिड ५ देखि ९ वर्ष उमेर समुह र १० देखि १४ वर्ष उमेर समुहको बार लामो देखिन्छ । यसले के देखाउँछ भने गत एक दशक देखि यस गा.पा. को जन्मदर कम हुन थालेको देखिन्छ । यदि यो समुहमा एक दशक देखि मृत्यूदरमा पनि कमी आएको मान्ने हो भने अन्य सबै कुरा यथावत रहेको (जन्म, मूत्यू र बसाइसराई) अवस्थामा आगामी जनगणनामा पनि जनसंख्या बृद्धिदर अझ कम हुने सम्भावना रहेको छ ।

यदि हामीले जनसंख्या वितरणको पिरामिड राम्ररी हेर्ने हो भने १० देखि १४ वर्ष उमेर समुह पछिको जनसंख्या जुन अनुपातले घट्नु पर्ने हो सो भन्दा अस्वभाविक रुपमा तीव्र रुपले घटेको बारहरुले देखाउँछ । १० देखि १४ वर्ष उमेर समुहमा रहेको १४.८३% जनसंख्या १५ देखि १९ समुहमा घटेर ११.२२% पुगेको छ । अझ अगाडि बढेर २० देखि २४ वर्ष उमेर समुहमा पुग्दा ८.२५% मा पुगेको देखिन्छ । यसै पिरामिडलाई लिङ्गको आधारमा हेर्दा अझ फरक नतिजा निस्किन्छ । १५ देखि १९ वर्ष उमेर समुह र सो भन्दा माथिको उमेर समुहको लैंगिक अनुपात हेर्दा महिलाको तुलनामा पुरुषको जनसंख्या अत्याधिक रुपमा घटेको देखिन्छ । २५ देखि २९ वर्ष उमेर समुहको लैंगिक अनुपात मात्र ०.३६ रहेको छ । यसको मतलब यो समुहमा १०० जना महिला बराबर ३६ जना पुरुष मात्र रहेको देखिन्छ । यो लैंगिक अनुपातको असन्तुलन ७० वर्ष उमेर समुहसम्म कायम रहेको देखिन्छ । धेरै जसो विकसित देशहरुमा लैंगिक अनुपात ९४ भन्दा तल झरेको देखिदैन । सामान्य अवस्थामा तालिकामा देखाए अनुसार यस गाउँपालिकामा प्रजनन् उमेरका महिलाहरुको जनसंख्या ५,१७९ रहेको छ, जुन कुल महिलाको जनसंख्याको ५१.१ प्रतिशत हुन आउँछ । यसले गर्दा प्रजनन् उमेरका महिलाहरु प्रजनन् अधिकारको संरक्षण गदै मातृ मृत्यूदर, शिशु तथा बाल मृत्यूदर कम गर्ने तथा परिवार योजना सेवा प्रर्वर्ध्दन गर्ने जस्ता योजनाहरुमा गाउँपालिकाका साथै प्रदेश तथा संघीय सरकारले लगानी बढाउन आवश्यक छ ।

उमेर समूहअनुसार जनसख्याको विवरण




श्रोत नक्सा ३ः मल्लरानी गाउँपालिकाको उमेर समुह र लिङ्ग अनुसारको जनसंख्या पिरामिड

## १.८ जातिगत आधारमा जनसंख्या विवरण

तालिका नं ८ः जातिगत आधारमा जनसंख्या वितरण

| क्र.स. | जातजाती | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मगर | ४,७५५ | २६.८९ |
| २ | क्षेत्री | ३,९५६ | २२.३७ |
| ३ | व्राहमण | २,२५४ | १२.७४ |
| ४ | कामी | १,९५१ | ११.०३ |
| ५ | नेवार | १,७६६ | ९.९९ |
| ६ | सार्की | १,२९३ | ७.३१ |
| ७ | दमाई ⁄ ढोली | ६७८ | ३.८३ |
| ८ | सन्यासी ⁄ दशनामी | ३१३ | १.७७ |
| ९ | ठकुरी | १५७ | ०.८९ |
| १० | गुरुङ | १५६ | ०.८८ |
| ११ | अन्य | ४०७ | २.३० |
| जम्मा | | १७,६८६ | १००.०० |

स्रोतः राष्ट्रिय जनगणना २०६८

यस गाउँपालिकामा जातजातिहरुको वितरणमा विविधता पाईन्छ । दिइएको तालिका अनुसार यस गाउँपालिकामा सबैभन्दा धेरै मगरहरुको बसोबास देखिन्छ । मगरको जनसंख्या ४,७५५ (२६.८९ प्रतिशत) रहेको छ । दोस्रो धेरै जनसंख्या क्षेत्री ३,९५६ ( २२.३७ प्रतिशत), तेस्रोमा ब्रहमण २,२५४ (१२.७४ प्रतिशत) देखिन्छ । यसरी नै कामी १,९५१ (१०.०३ प्रतिशत), नेवार १,७६६ ( ९.९९ प्रतिशत), सार्की १,२९३ (७.३१ प्रतिशत) देखिन्छ । त्यस बाहेक दमाई, सन्यासी (दशनामी), ठकुरी र अन्यको जनसंख्या क्रमशः ३.८३ प्रतिशत, १.७७ प्रतिशत, ०.८९ प्रतिशत र ३.१८ प्रतिशत छ । यदि यसलाई अलि ठूलो समुहमा विभाजन गरेर हेर्ने हो भने ब्रहमण र क्षेत्रीको जनसंख्या ३५.११ प्रतिशत, दलितको जनसंख्या २२.१८ प्रतिशत, जनजातिको जनसंख्या ३६.८८ प्रतिशत र बाँकी अन्य समुहको जनसंख्या ५.८३ मात्र प्रतिशत देखिन्छ । यसरी विश्लेषण गर्दा जनजाति सबैभन्दा बढी ३६.८८ प्रतिशत र दोस्रो बढी जनसंख्या ब्राहमण र क्षेत्रीको ३५.११ प्रतिशत देखिन्छ । जनसंख्याको ठूलो हिस्सा ओगटेको मगर र दलितको आर्थिक, सामाजिक र सांस्कृतिक हिसाबले पछाडि परेको देखिन्छ ।


## १.९ मातृभाषाको आधारमा जनसंख्या विवरण

तालिका नं १९ः मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | १६,५२४ | ९३.४३ |
| २ | नेवार | ९६१ | ५.४३ |
| ३ | थारु | ५५ | ०.३१ |
| ४ | गुरुङ | ४९ | ०.२८ |
| ५ | मगर | ३३ | ०.१९ |
| ६ | उर्दु | २३ | ०.१३ |
| ७ | मैथिली | १८ | ०.१० |

| | | | |
|---|---|---|---|
| ८ | साङ्केतिक भाषा | ९ | ०.०५ |
| ९ | भोजपुरी | ६ | ०.०३ |
| १० | अन्य | ७ | ०.०४ |
| ११ | उल्लेख नगरिएको | १ | ०.०१ |
| | जम्मा | १७,६८६ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*




श्रोत नक्सा ४ः मातृभाषा अनुसार जनसंख्या वितरण

मातृभाषाको आधारमा जनसंख्या वितरणको अध्ययन गर्ने हो भने यस गाउँपालिकामा सबैभन्दा धेरै बोलिने भाषा नेपाली भाषा (९३.४३ प्रतिशत) हो भने दोस्रो भाषाको रुपमा नेवारी भाषा (५.४३ प्रतिशत) हो । यसरी नै थारु भाषा बोल्नेको संख्याा ०.३१ प्रतिशत, गुरुङ ०.२८ प्रतिशत, मगर ०.१९ प्रतिशत देखिन्छ । तालिका अनुसार तराईमा मात्र बोलिने भाषा पनि यस गाउँपालिकामा बोल्नेको जनसंख्या देखिन्छ । जस अनुसार उर्दु ०.१३ प्रतिशत, मैथिली ०.१० प्रतिशत र भोजपुरी ०.०३ देखिन्छ ।


यदि मातृभाषाको तुलना जातजातिको तथ्यांकसँग तुलना गर्ने हो भने अनौठो नतिजा देख्न सकिन्छ । यस गाउँपालिकाको कुल जनसंख्याको २६.८९ प्रतिशत (४,७५५) जनसंख्या रहेको मगरहरुको बोलिने मातृभाषा मात्र ०.६९ प्रतिशत अर्थात् ३३ जनामात्र देखिन्छ । यसले के देखाउँछ भने मगरहरुले आफ्नो मातृभाषा विर्सदै गएर नेपाली भाषीमा परिणत हुदै गएको देखिन्छ । यस्तै स्थिति नेवारी भाषाको पनि देखिन्छ । कुल जनसंख्या १,७६६ जना नेवार मध्ये मात्र ९६१ जना अर्थात् ५४.४२ प्रतिशत नेवारले मात्र नेवारी भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको देखिन्छ । करिब आधा नेवारहरुले आफ्नो मातृभाषा वोल्न छोडेको देखिन्छ । यो तथ्यांकले के देखाउँछ भने नेपाली भाषा बोल्नेहरु बाहेक अन्य भाषाभाषीहरुको अवस्था भाषा सम्बन्धि ज्ञान कमजोर हुँदै गएको देखिन्छ । सबै भाषाभाषी र संस्कृतिको विकास गर्न सकेको खण्डमा मात्र समग्र गाउँपालिकाको विकास सम्भव हुन्छ । त्यसैले यस तर्फ पनि यस गाउँपालिकाले विशेष ध्यान दिन आवश्यक छ। स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकाले यो समुहको उत्थानको लागि विशेष कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ । वर्षौं देखि समाजमा रहेको छुवाछुत प्रथा हटाउने तर्फ ध्यान दिन जरुरी छ । अल्पसंख्यक र लोपोन्मुख रुपमा रहेका जनसंख्याको उत्थानमा पनि कार्यक्रम वनाउन आवश्यक छ ।

## १.१० धर्म अनुसार जनसंख्या विवरण

तालिका नं २०ः धर्मअनुसार जनसंख्याको विवरण

| **धर्म** | **हिन्दु** | **बौद्ध** | **क्रिश्चियन** | **इस्लाम** | **उल्लेख नगरिएको** | **जम्मा** |
|---|---|---|---|---|---|---|
| **संख्या** | १७,४५४ | १३४ | ६३ | ३३ | २ | १७,६८६ |
| **प्रतिशत** | ९८.६९ | ०.७६ | ०.३६ | ०.१९ | ०.०१ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*




श्रोत नक्सा ५ः धर्म अनुसार जनसंख्या वितरण

माथि तालिकामा दिएको अनुसार यस गाउँपालिकामा हिन्दू धर्म मान्नेहरुको जनसंख्यामा वाहुल्य छ । कुल जनसंख्याको ९८.६९ प्रतिशत (१७.४८४ जना) हिन्दु, वौद्ध ०.७६ प्रतिशत (१३४ जना), क्रिश्चियन ०.३६ प्रतिशत (६३ जना), ईस्लाम ०.१९ प्रतिशत (३३ जना) र धर्म उल्लेख नगरिएका अन्य ०.०१ प्रतिशत (२ जना) देखिन्छ । यसरी हेर्दा परम्परा देखि प्राकृतिक धर्म मान्ने भनेर चिनिएको जनजातिहरु जस्तै मगरहरुले पनि आˆनो धर्म हिन्दु भनेर जनगणनामा उल्लेख गरेको देखिन्छ ।

## १.११ उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

तालिका न २१ः उमेर समुह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| **लिङ्ग** | **विवाह नभएका** | **प्रतिशत** | **विवाह भएका** | **प्रतिशत** | **जम्मा** |
|---|---|---|---|---|---|
| **पुरुष** | २३८८ | ४५.४ | २८७६ | ५४.६ | ५२६४ |
| **महिला** | २५२७ | ३१.६६ | ५४५४ | ६८.३४ | ७९८१ |
| **जम्मा** | ४९१५ | २७.१० | ८३३० | ६२.८९ | १३२४५ |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

जनसंख्याको विश्लेषणमा वैवाहिक स्थितिको विश्लेषण एक महत्वपूर्ण विश्लेषण हो । यसले देशको समग्र आर्थिक, सामाजिक र सांस्कृतिक स्थितिको झलक देखाउँछ । कुनै पनि देशले विवाहको लागि कानुनी व्यवस्था गरी न्यूनतम उमेर हद तोकेको हुन्छ । नेपालको सन्दर्भमा हेर्दा जनगणना (२०११) गर्दाको समयमा विवाहको न्यूनतम उमेर महिलाको सन्दर्भमा अभिभावकको मन्जुरीमा १८ वर्ष र मन्जुरी नभए २० वर्ष उमेरहरु तोकिएको अवस्था थियो भने केटाको सम्बन्धमा अभिभावक/संरक्षकको मन्जुरी भए पनि नभए पनि २० वर्ष तोकिएको थियो । तर हालसालै लागु भएको मुलुकी देवानी सहितले ऐन २०७४ महिला वा पुरुषको विवाह गर्न कम्तिमा २० वर्ष उमेर पूरा गरेको हुनु पर्ने कानुनी व्यवस्था गरिएको छ । यति हुँदा हुदै पनि विभिन्न सामाजिक, सांस्कृतिक परम्परा, मुल्य मान्यताको नाममा वाल विवाह हुने गरेको देखिन्छ । यस जिल्लामा मागी विवाहको भन्दा आफू खुसी प्रेम विवाह गर्नेको संख्या अधिक देखिन्छ । यसमा आधुनिक संचारका माध्यमहरु टेलिभिजन, मोवाईल र इन्टरनेटको साधनहरुले सहयोग पुऱ्याएको वताईन्छ । यसमा कतिको सत्यता छ, अध्ययन गर्न जरुरी छ ।

राष्ट्रिय जनगणना २०६८ ले जनगणना गर्दा १० वर्ष वा सो भन्दा माथिका उमेरका व्यक्तिहरुलाई मात्र विवाह सम्वन्धि प्रश्न सोधिएको थियो जस अनुसार १० वर्ष वा सो भन्दा माथिको जनसंख्या १३.२४५ जना रहेको देखिन्छ । त्यसमध्ये ४.९१५ जनाको (३७.१०%) उक्त समयमा विवाह भैनसकेका र वाँकि ८३३० जना ( ६२.८९%) को मात्र वैवाहिक जीवनमा वाधिई सकेका देखिन्छ ।

## १.१२ विवाहित व्यक्तिहरूको विवाहको प्रकारको आधारमा बैवाहिक स्थितिको विवरण

तालिका न २२ः विवाहित व्यक्तिहरूको विवाहको प्रकारको आधारमा बैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | विवाहित | | | | | | | १० वर्ष वा सोभन्दा माथिको जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | एक विवाह गर्ने | बहु विवाह भएको | पुनः विवाह भएको | विधवा / विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा विवाहित | |
| **पुरुष** | २३८८ | २३१२ | १४६ | २७८ | ११३ | १५ | १२ | २८७६ | ५२६४ |
| **महिला** | २५२७ | ४३७२ | ३२ | ३८६ | ५८४ | ३५ | ४५ | ५४५४ | ७९८१ |
| **जम्मा** | ४९१५ | ६६८४ | १७८ | ६६४ | ६९७ | ५० | ५७ | ८३३० | १३,२४५ |
| **प्रतिशत** | ३७.१० | ८०.२४ | २.१४ | ७.९७ | ८.३७ | ०.६० | ०.६८ | ६२.९० | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

उक्त तथ्याङ्क अनुसार ४९१५ जना अर्थात् ३७.१०% ले जनगनणा गर्दाको बखत अविवाहित थिए भने ८.३३० जना अर्थात् ६२.९% विवाहितहरु थिए । यदि विवाहित (८.३३०) मात्रको विश्लेषण गर्ने हो भने ६६८४ (५०.४६%) जनाले एकल विवाह, ६९७ (८.३७%) विधवा/विधुर रहेका, ६६४ जना (७.९७%) ले पुन विवाह, १७८ (२.१४%) ले वहुविवाह गरेको देखिन्छ । यसरी नै छुट्टिएर वसेका र पारपाचुके गर्नेको संख्या १०७ जना (१.२८%) रहेको देखिन्छ ।

## १.१३ पहिलो विवाह गर्दाको उमेरको विवरण

तालिका नं २३ः पहिलो विवाह गर्दाको उमेरको विवरण

| उमेर समुह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| १० वर्ष सम्ममा | ११ | ७२ | ८३ | १.०० |
| १० देखि १४ वर्ष | १०० | ७६५ | ८६५ | १०.३८ |
| १५ देखि १९ वर्ष | १,०४३ | ३,५९८ | ४,६४१ | ५५.७१ |
| २० देखि २४ वर्ष | १,१८५ | ८९२ | २,०७७ | २४.९३ |
| २५ देखि २९ वष | ४१२ | ९९ | ५११ | ६.१३ |
| ३० देखि ३४ वर्ष | ८७ | २० | १०७ | १.२८ |
| ३५ देखि ३९ वष | २९ | ८ | ३७ | ०४४ |
| ४० देखि ४४ वर्ष | ५ | ० | ५ | ०.०६ |
| ४५ देखि ४९ वर्ष | १ | ० | १ | ०.०१ |
| ५० र सो भन्दा माथि | ३ | ० | ३ | ०.०४ |
| जम्मा | २,८७६ | ५,४५४ | ८,३३० | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

तालिकामा दिइए अनुसार १५ वर्ष देखि २० वर्षको उमेर समुहमा विवाह गर्नेको संख्या सवैभन्दा धेरै ४,६४१ अर्थात् ५५.७१% देखिन्छ । त्यस पछि २० देखि २४ वर्ष उमेर समुहमा विवाह गर्नेको संख्या २०७७ (२४.९३%) रहेको छ । तेस्रोमा १० देखि १४ वर्ष उमेर समुहको संख्या ८६५ जना (१०.३८%) देखिन्छ । अझ १० वर्ष भन्दा अगाडि नै विवाह गर्नेको संख्या ८३ जना (१%) रहेको छ । हालको मुलुकी देवानी (संहिता) ऐन २०७४ लाई मध्यनजर राखेर हेर्ने हो भने यस गाउँपालिकामा ६७.०९% विवाह कानुनले प्रतिवन्ध लगाएको उमेर भित्र अर्थात् २० वर्ष पुरा नभइकनै विवाह हुने गरेको देखिन्छ । त्यसैले यसलाई न्यूनीकरण गर्न चेतनामुलक कार्यक्रम संचालन गर्ने, वालक वालिकाहरुलाई विद्यालय तहको अध्ययन पुरा गर्न प्रोत्साहित गर्ने, विवाह रोक्न प्रहरी र प्रशासन सक्रिय भएर लाग्ने र छिटो विवाह गर्दा ब्यक्ति, समाज र राष्ट्रमा पर्न जाने नकारात्मक असरहरु जस्ता विषयमा जानकारी गराउने जस्ता कार्यक्रम तिनै तहका सरकारले संचालन गर्ने, वजेट वियोजना गर्ने तथा गैह्र सरकारी संघ संस्थाहरुलाई यस क्षेत्रमा परिचालन गर्न आवश्यक देखिन्छ ।

## १.१४ पेशाका आधारमा जनसंख्या विवरण

तालिका नं. २४ः पेशाका आधारमा जनसंख्या विवरण

| वडा नं. | कृषी | प्रतिशत | ब्यापार | प्रतिशत | जागिर | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ३९४ | ६६.९ | ३८ | ६.५ | १५७ | २६.७ | ५८९ |
| २ | ५४७ | ८५.५ | २९ | ४.५ | ६४ | १०.० | ६४० |
| ३ | ४८० | ४९.३ | १२७ | १३.१ | ३६६ | ३७.६ | ९७३ |
| ४ | २०४ | ३६.८ | १४२ | २५.६ | २०९ | ३७.७ | ५५५ |
| ५ | १२२ | ५०.२ | १५ | ६.२ | १०६ | ४३.३ | २४३ |
| जम्मा | १,७४७ | ५८.२ | ३५१ | ११.७ | ९०२ | ३०.१ | ३,००० |

*स्रोतः मल्लरानी गाउँपालिका पाश्र्वचित्र, वि.सं. २०७५*

मल्लरानी गा.पा. आफैले संकलन गरेको तथ्याङ्कलाई आधार मान्दा कुल ३,००० जना विभिन्न पेशामा संलग्न देखिन्छ । जस मध्य १,७४७ (५८.२%) जना कृषी पेशा, ३५१ जना (१.७%) ब्यापारमा, ९०२ जना (३०.१५%) जागिरमा रहेको देखिन्छ ।

रोजगारमा रहेका मध्ये वडा नं ५ का सबभन्दा वढी कृषी पेशामा (८५.५%) संलग्न देखिन्छ । ब्यापारमा सवैभन्दा वढी वडा नं. ४ का वासिन्दा संलग्न देखिन्छ, यसको प्रतिशत २५.६ रहेको छ । जागिरमा सवभन्दा वढी वडा नं ५ का देखिन्छ जुन प्रतिशतमा ४३.३% रहेको छ ।

## १.१५ आर्थिक रुपले सक्रिय जनसंख्या विवरण

तालिका नं. २५ः आर्थिकरूपले सक्रिय जनसंख्याको (१५ वर्ष देखि ५९ वर्ष) अवस्था

| कुल जनसंख्या | पुरुष | महिला | आर्थिकरुपले सक्रिय जनसंख्या |
|---|---|---|---|
| १७,६८६ | ३,२२६ (३५.३५%) | ५८९९ (६५.६५%) | ९,१२५ (५१.५९%) |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

यस गाउँपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ । जसमा पुरुषको संख्या ३,२२६ (३५.३५ प्रतिशत), महिलाको संख्या ५,८९९ (६५.६५ प्रतिशत) देखिन्छ । आर्थिक रुपले सक्रिय जनसंख्यामा पुरुषको भन्दा महिलाको बढी रहेको देखिन्छ । त्यस्तै गाउँपालिकाको कुल जनसंख्याको ९,१२५ अर्थात् ५१.५९ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन् । आर्थिक रुपमा निस्कृय जनसंख्या ४८.४१ प्रतिशत छन् ।

## १.१६ आश्रित जनसंख्याको विवरण

तालिका नं. २६ः आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बाल बालिका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | ७,०८८ | ८२.७९ | १,४७३ | १७.२१ | ८,५६१ | ४८.४१ |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

गाउँपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशत देखाइएको छ । जसमा आश्रित बालबालिकाको संख्या ७,०८८ (८२.७९ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या १,४७३ (१७.२१ प्रतिशत) देखिन्छ । कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या ८,५६१ (४८.४१ प्रतिशत) देखिन्छ । यसरी समग्रमा हेर्दा यस क्षेत्रमा आश्रित को संख्या बढी देखिन्छ ।

## १.१७ घरमूलीको लैगिक विवरण

चौधौं योजनामा उल्लेख भए अनुसार नेपालमा महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ । यसैगरी वि.सं. २०६८ सालको जनगनणाको तथ्यांकलाई आधार मानी स्थानीय सरकारको रुपमा गठित यस मल्लरानी गाउँपालिकाको महिला घरमुलीको विवरण उल्लेख गरिएको छ ।

तालिका नं २७ः घरमुलिको लैंगिक विवरण

| वडा | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| १ | ३१३ | ५२.८७ | २७९ | ४७.१३ | ५९२ |
| २ | ३३८ | ५२.८१ | ३०२ | ४७.१९ | ६४० |
| ३ | ४८२ | ४८.३० | ५१६ | ५१.७० | ९९८ |
| ४ | ७४२ | ५४.६४ | ६१६ | ४५.३६ | १,३५८ |
| ५ | २५५ | ४७.९३ | २७७ | ५२.०७ | ५३२ |
| जम्मा | २,१३० | ५१.७० | १,९९० | ४८.३० | ४,१२० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

तालिका नं २७ का अनुसार मल्लरानी गा.पा. को समग्र रुपमा घरमुलीको विवरणमा ५१.७% पुरुष घरमुली देखिन्छ भने ४८.३% महिला घरमुली रहेको देखिन्छ । नेपाललले पुरुष प्रधान समाजमा अधिकांश घरमुली पुरुष हुने गरेको देखिन्छ । तर मल्लरानी गा.पा. को सन्दर्भमा करिव आधा घरमुली हुनु महिला सशक्तिकरणको दृष्टिले राम्रो भएतापनि यहाँका अधिकाशं पुरुष रोजगारको सिलसिलामा जिल्ला र देश वाहिर जानु पर्ने अवस्थाले महिलामा घरको जिम्मेवारी थप भएको हुन सक्छ ।

## १.१८ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं २८ः परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| निजी | ५८४ | ६२७ | ९७९ | १०३८ | ५३० | ३,७५८ | ९१.२१ |
| भाडा | २ | ६ | १७ | २७१ | ० | २९६ | ७.१८ |
| संस्थागत | ० | ० | २ | ३९ | ० | ४१ | १.०० |
| अन्य | ६ | ७ | ० | १० | २ | २५ | ०.६१ |
| उल्लेख नगरिएको | ० | ० | ० | ० | ० | ० | ०.०० |
| जम्मा | ५९२ | ६४० | ९९८ | १,३५८ | ५३२ | ४,१२० | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा मल्लरानी गाउँपालिकाको परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाउँपालिकामा जम्मा ४,१२० घरधुरीहरु मध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ३,७५८ (९१.२१ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या २९६ (७.१८ प्रतिशत) रहेको देखिन्छ । संस्थागत घरधुरी संख्या ४१ (१.०० प्रतिशत) रहेको छ । त्यस्तै अन्य घरधुरीको संख्या २५ (०.६१ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं. ४ मा निजी स्वामित्वमा रहेको घरधुरी संख्या १,०३८ सबैभन्दा बढी रहेको पाइन्छ । त्यसै गरी वडा नं. ५ मा सबैभन्दा कम ५३० घरधुरी संख्या निजी स्वामित्वमा रहेको देखिन्छ ।

## १.१९ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

तालिका नं. २९ः महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | घरमा स्वामित्वमा भएको | घरमा स्वामित्वमा नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ३६ | ५५५ | १ | ५९२ |
| २ | ९६ | ५४४ | ० | ६४० |
| ३ | १५२ | ८४५ | १ | ९९८ |
| ४ | २१२ | ११४२ | ४ | १,३५८ |
| ५ | ८१ | ४४९ | २ | ५३२ |
| प्रतिशत | ५७७ | ३,५३५ | ८ | ४,१२० |
| जम्मा | १४.०० | ८५.८० | ०.१९ | १००.०० |

*स्रोतः राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा मल्लरानी गाउँपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ । जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या ५७७ (१४.०० प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ३,५३५ (८५.८० प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या ८ (०.१९ प्रतिशत) रहेको छ । उक्त तथ्यांक अनुसार यस गाउँपालिकामा अझै पनि महिलाको सम्पतिमा पहुँच बढाउन विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

## १.२० अपाङ्गताको आधारमा जनसंख्या

राष्ट्रिय जनगणना २०६८ अनुसार मल्लरानी गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा कुल जनसंख्याको ३.४२ प्रतिशत (६०४ जना) अपाङ्गता रहेको छ। जसमा शारीरिक अपाङ्गता भएका २४३ (४०.२३ प्रतिशत), दृष्टि सम्बन्धी अपाङ्गता भएका ७४ जना (१२.२५ प्रतिशत) श्रवण सम्बन्धी अपाङ्गता भएका १०४ (१७.२२ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ६३ जना (१०.४३ प्रतिशत) देखिन्छन् । श्रवण र दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका ९ जना (१.४९ प्रतिशत), बौद्धिक अपाङ्गता भएका २१ जना (३.४८ प्रतिशत) रहेको देखिन्छ । साथै मानसिक अपाङ्गता ४७ जना (७.७८ प्रतिशत) र बहु अपाङ्गता १८ (२.३६ प्रतिशत) रहेका छन् । लैंगिक हिसाब हेर्ने हो भने यस गाउँपालिकामा महिलाको तुलनामा पुरुष अपाङ्गता ३.४२ प्रतिशत बढी छ । यहाँ पुरुष ३०८ (५०.९९ प्रतिशत) छ भने महिलाको २९६ (४९.०१ प्रतिशत) रहेको छ । खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, विशेषगरी ग्रामीण क्षेत्रमा देखिने आँखा सम्बन्धि Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका हुने अपाङ्गता छन् । जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनु पर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्गता संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गता सम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत अर्थात् ५,१२,३२१ जनामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारीरिक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गता ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिका समेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण, दृष्टि विहिनता,

मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गार्म्भीयताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ । हालसम्म यो समुदायको सामाजिक, आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सीपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहुँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ । अपाङ्गताको विवरण तलको तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

तालिका नं. ३०ः मल्लरानी गाउँपालिकाको अपा अपाङ्गताताको विवरण

| लिङ्ग | शारीरिक अपाङ्गता | दृष्टि सम्बन्धी अपाङ्गता | सुनाई सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहिन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | १३५ | ४३ | ४२ | ५ | ३१ | २६ | १० | १६ | ३०८ |
| **महिला** | १०८ | ३१ | ६२ | ४ | ३२ | २१ | ११ | २७ | २९६ |
| **जम्मा** | २४३ | ७४ | १०४ | ९ | ६३ | ४७ | २१ | ४३ | ६०४ |
| **प्रतिशत** | ४०.२३ | १२.२५ | १७.२२ | १.४९ | १०.४३ | ७.७८ | ३.४८ | ७.१२ | १००.०० |

स्रोत : *राष्ट्रिय जनगणना, २०६८*

## १.२१ बसाईसराइ सम्बन्धी विवरण

तालिका नं ३१ः बसाईसराइ सम्बन्धी

| वडा नं. | बसाईसराई गएको संख्या | बसाईसराई आएको संख्या | बसाईसराईको संख्या |
|---|---|---|---|
| १ | १३ | २ | १५ |
| २ | ९ | १ | १० |
| ३ | २३ | २ | २५ |
| ४ | ४९ | ११ | ६० |
| ५ | १० | १ | ११ |
| जम्मा | १०४ | १७ | १२१ |

*स्रोत : मल्लरानी गा.पा. २०७५*

मल्लरानी गा.प को वि.सं. २०७५ सालको तथ्याङ्क अनुसार यस गा.पा. मा वसाईसराई गरी आउनेको संख्या (१७ जना) र वसाईसराई गरी जानेको संख्या (१०४ जना) देखिन्छ । उक्त साल जम्मा १२१ जनाले वसाईसराई गरेको देखिन्छ । यसरी वसाई सराई गरी अन्त जाने संख्याको आधारमा वडा नं. ४ मा सवभन्दा वढी ६० जना देखिन्छ ।

## १.२२ व्यक्तिगत घटना सम्बन्धी विवरण

तालिका नं ३२ः व्यक्तिगत घटना दर्ता सम्बन्धी विवरण

| वडा नं. | जन्म दर्ता महिला | जन्म दर्ता पुरुष | जन्म दर्ता जम्मा | मृत्यु दर्ता महिला | मृत्यु दर्ता पुरुष | मृत्यु दर्ता जम्मा | विवाह दर्ता संख्या | बसाईसराई दर्ता संख्या | बसाईसराई गएको संख्या | बसाईसराई आएको संख्या | बसाईसराईको संख्या | सम्बन्ध विच्छेद | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ९८ | १२६ | २२४ | १४ | ३१ | ४५ | ४७ | ६ | १३ | २ | १५ | ० | ३२२ |
| २ | १२९ | १३८ | २६७ | २७ | ९ | ३६ | ५३ | १२ | ९ | १ | १० | ० | ३६८ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ९२ | १०९ | २०१ | १६ | ३३ | ४९ | ४८ | १० | २३ | २ | २५ | ० | ३०८ |
| ४ | ८१ | ९४ | १७५ | ३३ | ३५ | ६८ | ४५ | २४ | ४९ | ११ | ६० | ० | ३१२ |
| ५ | ६६ | ६८ | १३४ | ४ | २० | २४ | ३२ | ८ | १० | १ | ११ | ० | १९८ |
| | ४६६ | ५३५ | १००१ | ९४ | १२८ | २२२ | २२५ | ६० | १०४ | १७ | १२१ | ० | १५०८ |

*स्रोत : राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, वि.सं. २०६८*

कुनै पनि ठाउँको कुनै निश्चित समयमा कति जनसंख्या थप वा घट भयो भने थाहा पाउन उक्त ठाउँको व्यक्तिगत घटना दर्ता प्रकृया राम्रो छ भने सजिलै सकिन्छ । तर हाम्रो देशको सन्दर्भमा पञ्जिकरण गर्ने (Vital Registation) प्रचलन निकै कमजोर देखिन्छ । तथापि उपलब्ध तथ्याङ्कहरुलाई केलाएर हेर्दा सो वि.सं. २०६८ सालमा ४६६ जना महिला र पुरुष ५३५ जनाको जन्मदर्ता गरेको देखिन्छ । उक्त साल कुल २२२ जनाको मृत्यू दर्ता भएकोमा मात्र ९४ जना महिलाको मृत्यु दर्ता भएको देखिन्छ भने १२८ जना पुरुषको मृत्यु दर्ता भएको थियो । उक्त साल २२५ जनाको विवाह दर्ता भएको थियो ।

## १.२३ सामाजिक सुरक्षा कार्यक्रमबाट लाभान्वित विवरण

**तालिका नं ३३ः सामाजिक सुरक्षा सम्बन्धी विवरण (२०७५/२०७६)**

| क्र.सं. | लक्षित समुह | पुरुष | महिला | अन्य | जम्मा संख्या |
|---|---|---|---|---|---|
| १ | जेष्ठ नागरिक भत्ता (अन्य) | २०६ | २१५ | १ | ४२२ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | १५० | १५८ | ० | ३०८ |
| ३ | एकल महिला भत्ता | ० | १४२ | ० | १४२ |
| ४ | बिधुवा भत्ता | ० | ९८१ | ० | ९८१ |
| ५ | पुर्ण अपाङ्गता भत्ता | २७ | २१ | ० | ४८ |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | ७० | ४८ | ० | ११८ |
| ७ | बालबालिका सुरक्षा भत्ता दलित | ३४० | ३०१ | ० | ६४१ |
| ८ | जे.ना. औषधि उपचार भत्ता | २३६ | ४६५ | १ | ७०२ |
| | जम्मा | ७९३ | १८६६ | १ | २६६० |

*स्रोत : मल्लरानी गा.पा. २०७५/२०७६*

मल्लरानी गा.पा. वाट जम्मा २,६६० जना विभिन्न सामाजिक सुरक्षा भत्तावाट लाभान्वित भएको देखिन्छ । जेष्ठ नागरिक भत्ता वाट ४२२ जना, जेष्ठ नागरिक भत्ता (दलित) वाट ३०८ जना गरी जम्मा ७३० जनाले जेष्ठ नागरिक भत्ता पाईरहेको छन् । यसरी १४२ जना एकल महिलाले र ९८१ जनाले विधुवा भत्ता प्राप्त गरेका छन् । पूर्ण अपाङ्गता र अति अशक्त अपाङ्ग गरी १६६ जनाले अपाङ्गता भत्ता सुविधा प्राप्त गरेका छन् । त्यसै वर्ष ६४१ जना दलित वालवालिकाले पनि सामाजिक सुरक्षा भत्ता पाएका छन् । जेष्ठ नागरिकको लागि उपचार भत्ताको पनि व्यवस्था गरेको छ, जस मध्ये ७०२ जनाले उपचार भत्ता पाएको देखिन्छ ।

# परिच्छेद २ः सामाजिक अवस्था

## २.१ शैक्षिक तथा मानव संशाधन विकास

### २.१.१ पाँच वर्ष भन्दा माथि र १५ वर्ष भन्दा माथिको साक्षरता विवर

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा यस जिल्लाका अन्य स्थानको तुलनामा मल्लरानी गाउँपालिका केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ को अनुसार यस गाउँपालिकाको साक्षरता दर ७३.५५ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। यो गाउँपालिकामा लैंगिक हिसाबले अन्य गाउँपालिकामा जस्तै धेरै विभेद रहेको पाईन्छ। जस्तैः यस गाउँपालिकाको पुरुषको साक्षरता दर ८४.५२ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६५.७९ प्रतिशत मात्र रहेको छ । पुरुष र महिलाको साक्षरता दरमा लगभग १८.७२ प्रतिशतको फरक देखिन्छ। यस गाउँपालिकाको साक्षरताको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं ३५ः पाँच वर्ष र सो भन्दा माथिको साक्षरता

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पूरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ७३९ | ८२८ | १४ | २८ | २०४ | ५४२ | ० | ० | ९५७ | १,३९८ | २,३५५ |
| २ | ८५७ | ९२१ | ५ | १८ | १९१ | ५५१ | ० | ० | १,०५३ | १,४९० | २,५४३ |
| ३ | १२०१ | १४८५ | २४ | ३१ | २२६ | ६८३ | ० | ० | १,४५१ | २,१९९ | ३,६५० |
| ४ | १७३६ | १६९० | ५४ | १२१ | १४२ | ६६९ | ० | १ | १,९३२ | २,४८१ | ४,४१३ |
| ५ | ७६२ | ८९८ | ८ | १५ | १०२ | ३६८ | ० | ० | ८७२ | १,२८१ | २,१५३ |
| जम्मा | ५,२९५ | ५,८२२ | १०५ | २१३ | ८६५ | २,८१३ | ० | १ | ६,२६५ | ८,८४९ | १५,११४ |
| प्रतिशत | ८४.५२ | ६५.७९ | १.६८ | २.४१ | १३.८१ | ३१.७९ | ०.०० | ०.०१ | १००.०० | १००.०० | |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

### २.१.२ पाँच वर्ष र सोभन्दा माथिको शैक्षिक अवस्था

तालिका नं ३६ः उमेर समुह अनुसारको अनुमानित जनसंख्या र विद्यालयतहमा अध्ययन गरिरहेका विद्यार्थीहरुको विवरण

| तह | उमेर समूह | अनुमानित कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| पूर्व प्रा.वि. नर्सरी, के.जी.) | ३-४ वर्ष | ५१० | ४५१ | ९६१ | ४२४ | ३४९ | ७७३ | ८०.४४ |
| आधारभूत तह (कक्षा १-८) | ५-१२ वर्ष | १६६५ | २१०१ | ३७६६ | १७७१ | १८७२ | ३६४३ | ९६.७१ |
| मा.वि. (कक्षा ९-१०) | १३-१४ वर्ष | ३९६ | ५२४ | ९२० | ३३१ | ३८३ | ७१४ | ७७.६१ |
| उच्च मा.वि. (कक्षा ११-१२) | १५-१७ वर्ष | ३९२ | ५२३ | ९१५ | १३७ | २२५ | ३२२ | ३५.१९ |
| जम्मा | | २९६३ | ३५९९ | ६५६२ | १,६५० | १,५२८ | ३,१७८ | ४८.४३ |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

माथि तालिकामा दिईए अनुसार यस मल्लरानी गा.पा.मा पूर्व प्रा.वि. देखि १२ कक्षा सम्म अध्ययन गर्ने छात्रछात्राअरुको संख्या र सोही कक्षाका उमेर समुहको जनसंख्या अनुमान गरेर हेर्दा लगभग ५१.५७% विद्यालयमा हुनु पर्ने विद्यार्थीहरु विद्यालय वाहिर रहेको देखिन्छ । हुन त यो जनसंख्याको अनुमान यस गा.पा. को प्रत्येक उमेर अनुसारको जनसंख्या विवरण उपलब्ध नभएकोले राष्ट्रिय जनगणनाको सोही उमेरको प्रतिशतको आधारमा गरिएको छ र तथ्यांक नमिल्न सक्छ । यस तथ्यांकले लगभग केही अनुमान मिल्न सक्ने भएकोले प्रयोग गरिएको छ । यस अनुसार पूर्व प्रा.वि.मा १९.५६%, आधारभूत तहमा ३.२९%, मा.वि. तहमा २२.३९% र उच्च मा.वि. तहमा ६४.८१ % विद्यार्थीहरु विद्यालय वाहिर रहेको देखिन्छ ।

### २.१.३ तहगत रुपमा शैक्षिक संस्था/विद्यालय (सामुदायिक, संस्थागत)

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । यसै अनुरुप यस गाउँपालिकामा आ.व. २०७५/७६ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन् । गाउँपालिकामा पठनपाठनका लागि आधारभूत विद्यालय १७ र माध्यामिक विद्यालय ७ गरी जम्मा २४ वटा शिक्षण संस्थाहरु रहेका छन् । यसमा निजी क्षेत्रले पनि योगदान पुर्‍याउँदै आएको देखिन्छ (अनुसूची नं. १ मा हेर्नु होस् ) ।

तालिका नं ३७ः गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

| **संचालित कक्षा** | **सामुदायिक** | **संस्थागत** | **जम्मा** |
|---|---|---|---|
| आधारभुत तह संचालन (१-८) | १२ | १ | १३ |
| | ४ | ० | ४ |
| माध्यामिक तह संचालन (१-१२) | ४ | १ | ५ |
| | २ | ० | २ |
| **जम्मा** | २२ | २ | २४ |

स्रोतः शिक्षा शाखा, मल्लरानी गा.पा., २०७५

### २.१.४ विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण

तालिका नं ३८ः विद्यालयमा अध्ययन गरिरहेका तहगत छात्रछात्राको विवरण

| तह/कक्षा | दलित | | | जनजाति | | | क्षेत्री ब्राहमण | | | अन्य | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १—५ | ३८४ | ३८३ | ७६७ | ४६० | ४७४ | ९३४ | २६२ | २६९ | ५३१ | ३१ | ४५ | ७६ | ११३७ | ११७१ | २३०८ |
| ६—८ | २०२ | १८० | ३८२ | २८७ | २०७ | ४९४ | २१८ | १८८ | ४०६ | २८ | २५ | ५३ | ७३५ | ६०० | १३३५ |
| ९—१० | ९७ | ६१ | १५८ | १२४ | ११४ | २३८ | १३० | १३० | २६० | ३२ | २६ | ५८ | ३८३ | ३३१ | ७१४ |
| ११—१२ | ३९ | ३६ | ७५ | ७३ | ३९ | १२२ | ८५ | ३८ | १२३ | २८ | ३४ | ६२ | २२५ | १३७ | ३८२ |

स्रोतः शिक्षा शाखा, मल्लरानी गा.पा., २०७५

### २.१.५ क्याम्पस तथा प्राविधिक शिक्षालय र अध्ययनरत छात्रछात्राको विवरण

तालिका नं ३८ (क) ः क्याम्पसमा अध्ययनरत छात्र छात्राको विवरण

| **शिक्षण संस्था** | विषय | **जम्मा** | | **जम्मा** |
|---|---|---|---|---|
| | | **छात्र** | **छात्रा** | |
| प्यूठान क्याम्पस, खलंगा | **मानविकी** | १४ | ३० | ४४ |
| | **ब्यवस्थापन** | २१ | १६ | ४३ |
| | **शिक्षा** | १० | २२ | २६ |

तालिका नं ३८ (ख) : प्राविधिक शिक्षालयमा अध्ययनरत छात्र छात्राको विवरण

| विद्यालय | विषय | कक्षा ११ | | जम्मा | कक्षा १२ | | जम्मा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | | छात्र | छात्रा | | |
| श्री महेन्द्र मा.वि खलंगा | कानुन | १२ | ११ | २३ | . | . | . | २३ |
| श्री भानुभक्त मा.वि बर्बोट | कृषि | १२ | ७ | १९ | ८ | ९ | १७ | ३६ |

स्रोतः शिक्षा शाखा, मल्लरानी गा.पा., २०७६

यस मल्लरानी गा.पा. मा एक मात्र प्यूठान क्याम्पस रहेको छ । यस क्याम्पसमा स्नातक तहको अध्यापन कार्य भईरहेको छ । यहाँ मानविकी, ब्यवस्थापन र शिक्षा विषयको अध्यापन हुन्छ । अहिले यसमा तीनवटै संकायमा गरी ११३ जना छात्रछात्राहरुले अध्ययन गरिरहेका छन् ।

यसरी नै यस गा.पा. को महेन्द्र मा.वि. खलङ्गा र भानुभक्त मा.वि. बर्बोटमा क्रमश कानून र कृषि विषयको अध्यापन भईरहेको छ । दुवै विद्यालयमा गरी ५८ जना विद्यार्थीहरुले प्राविधिक शिक्षा हासिल गरिरहेका छन् ।

### २.१.६ सिकाई उपलब्धि

तालिका नं ४०ः सिकाई उपलब्धि

| कक्षा | विषय | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | अग्रेजी | गणित | विज्ञान | सामाजिक | स्वास्थ्य | सि क | स्थानीय | पेशा | नैतिक | ऐ प्रथम | ऐ द्वितीय |
| १ | ६२ | ६१ | ६९ | ५८ | ६० | - | - | ५६ | - | - | - | - |
| २ | ६५ | ६४ | ६२ | ६२ | ६१ | - | - | ५५ | - | - | - | - |
| ३ | ६५ | ६० | ५९ | ६७ | ६६ | - | - | ५७ | - | - | - | - |
| ४ | ५३ | ५० | ५० | ५८ | ६५ | ५९ | ६५ | ५१ | - | - | - | - |
| ५ | ६३ | ५७ | ५७ | ६३ | ६० | ६१ | ६२ | ५५ | - | - | - | - |
| ६ | ५४ | ५० | ४५ | ५२ | ५४ | ५९ | | ६२ | ६० | ६३ | - | - |
| ७ | ६० | ५१ | ४१ | ५४ | ५४ | ६१ | - | ६१ | ६० | ६६ | - | - |
| ८ | ६० | ५२ | ३७ | ५५ | ५६ | ६९ | - | ६६ | ६७ | ६७ | - | - |
| ९ | ५३ | ४४ | २७ | ४२ | ५२ | ५२ | - | - | - | - | ४३ | ४९ |
| १० | ७१ | ५५ | ३१ | ५५ | ५९ | ६० | - | - | - | - | ४६ | ५१ |

स्रोतः शिक्षा शाखा, मल्लरानी गा.पा., २०७५

### २.१.७ खुद भर्ना, निरन्तरता तथा टिकाउ दर

गाउँपालिका भित्र रहेका बालबालिकाहरु विद्यालयमा भर्ना भएको वा पहुँच बृद्धि भएको देखिन्छ । गाउँपालिकाको शिक्षा शाखाको तथ्याङ्क अनुसार बालबालिकाहरुको विद्यालयमा भर्ना दर १०० प्रतिशत रहेको पाईन्छ भने निरन्तर वा टिकाउ दर हेर्दा ८६ प्रतिशत रहेको छ । भर्ना प्रतिशत हेर्दा सबै बालवालिका विद्यालय भर्ना भएको पाईएता पनि निरन्तर टिकाउ गर्नका लागि विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । तर तालिका नं. ३६ हेर्दा यो तथ्या] त्यति भरपर्दो देखिदैन ।

### २.१.८ बाल विकास केन्द्रको विवरण ( अनुसूची नं. २ हेर्नुहोस्)

तालिका नं ४१ः बाल विकास केन्द्रको विवरण

| वडा नं. | बाल विकास केन्द्रको संख्या |
|---|---|
| १ | ६ |
| २ | ५ |
| ३ | ११ |
| ४ | ९ |
| ५ | ५ |
| जम्मा | ३६ |

स्रोतः शिक्षा शाखा, मल्लरानी गा.पा., २०७६

यस गाउँपालिका भित्र जम्मा ३६ वटा वालविकास केन्द्रहरु स्थापना गरी संचालन भैरहेका छन् । ती मध्य ३१ वटा वाल विकास केन्द्र सरकारी अनुदानमा र बाँकी ५ वटा वाल विकास केन्द्र गा.पा.को आर्थिक अनुदानमा संचालित छन् ।

### २.१.९ विद्यालय शान्ति क्षेत्र र विद्यालय सुधार योजना

तत्कालीन जिल्ला शिक्षा कार्यालयको सक्रियतामा विद्यालय शान्ति क्षेत्र घोषणा गरिएको थियो । मल्लरानी गाउँपालिका भित्र रहेका सबै विद्यालयले विद्यालय सुधार योजना तयार गरी अध्यावधिक समेत गरिएको गाउँपालिका शिक्षा शाखाको अभिलेखमा रहेको छ ।

### २.१.१० आधारभूत र माध्यामिक विद्यालयमा पहुँचको अवस्था (प्रमुख वस्तीहरुबाट विद्यालय पुग्न लाग्ने समय)

शिक्षा नियमावली अनुसार विद्यार्थीहरु घरबाट वाल विकास केन्द्रसम्म पुग्नका लागि १५ मिनेट, आधारभुत विद्यालयसम्म पुग्न ३० मिनेट र माध्यामिक तहसम्मको विद्यालय पुग्न १ घण्टा भनिएको भएता पनि मल्लरानी गाउँपालिका भित्र रहेको भौगोलिक विकटता अनुसार कतिपय विद्यालयमा करिब २ घण्टासम्म लाग्ने देखिन्छ ।

### २.१.११ शैक्षिक संस्था उपलब्ध भौतिक पूर्वाधार तथा सुविधा

तालिका नं ४२ः शैक्षिक संस्था उपलब्ध शौचालयको प्रकार

| शौचालयको प्रकार | संख्या |
|---|---|
| **महिला** | ३९ |
| **पुरुष** | ३८ |
| **जम्मा** | ७७ |
| **पानी सुविधा सहित** | ५९ |

स्रोतः शिक्षा शाखा, मल्लरानी गा.पा., २०७६

तालिका नं ४३ः शैक्षिक संस्था उपलब्ध भवनको अवस्था

| भवनको प्रकार | संख्या |
|---|---|
| **पक्कि** | ५६ |
| **कच्चि** | ३७ |
| **जम्मा** | ९३ |

स्रोतः शिक्षा शाखा, मल्लरानी गा.पा., २०७६

तालिका नं ४४ः शैक्षिक संस्था उपलब्ध शिक्षकको विवरण

| शिक्षक | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| बाल विकास | २९ | २ | ३१ |
| स्थायी | २२ | ३३ | ५५ |
| अस्थायी | १४ | १६ | ३० |
| राहत | ११ | २० | ३१ |
| सामाजिक कोष | १ | ० | १ |
| निजी | २९ | २७ | ५६ |
| जम्मा | १०६ | ९८ | २०४ |

स्रोतः शिक्षा शाखा, मल्लरानी गा.पा., २०७६

यस गाउँपालिकामा कार्यरत शिक्षकहरुको अवस्थालाई हेर्दा गाउँपालिकामा कुल २०४ जना शिक्षक रहेका छन् । जसमा स्थायी शिक्षकको संख्या ५५ (पुरुष ३३ र महिला २२) र अस्थायी शिक्षकहरुको संख्या ३० (पुरुष १६ र महिला १४) रहेको छ । यसरी नै राहत शिक्षकको संख्या ३१ (पुरुष २० र महिला ११) रहेको छ । लैंगिक रुपमा हेर्ने हो भने यस गाउँपालिकामा महिलाको तुलनामा पुरुष शिक्षक संख्या ८ जनाले कम रहेको पाईन्छ । जहाँ पुरुष शिक्षक संख्या ९८ रहेको छ भने महिला शिक्षक संख्या १०६ मात्र रहेको पाईन्छ ।

## २.१.१२ छात्रबृत्ति तथा अन्य लक्षित सुविधा उपलब्धताको अवस्था (छात्रबृत्ति, बालअनुदान, दिवा खाजा)

तालिका नं ४५ः शैक्षिक संस्था उपलब्ध छात्रवृत्तिको विवरण

| तह | छात्रवृत्ति संख्या | अनुदान | जम्मा |
|---|---|---|---|
| बालविकास | - | - | - |
| प्राथमिक | ११३७ (अन्य) | ४०० | ४५४८०० |
| आधारभुत | ७३५ (अन्य) | ४०० | २९४००० |
| प्राथमिक | ३८३ (दलित) | ४०० | १५३२०० |
| आधारभुत | १८० (दलित) | ४०० | ७२००० |
| माध्यमिक | ७३५ (दलित) | ५०० | ३६७५०० |
| उच्च माध्यमिक | - | - | - |
| **जम्मा रकम** | | | १३४१५०० |

तालिका नं ४६ः शैक्षिक संस्था दिवाखाजा सम्बन्धि विवरण

| दिवा खाजा विधालयको नाम | विधार्थि संख्या |
|---|---|
| जनजागृती प्रा.वि अर्भाङ | ४७ |
| जनज्योती प्रा.वि अयरपोखरी | ९३ |
| सरस्वती प्रा.वि मरभुङ | ९० |
| अमरज्वती प्रा.वि डाँडापोखरी | १०३ |
| बालविकास प्रा.वि बुकेनी | २६ |
| भैरवनाथ प्रा.वि पाण्डेडाँडा | ६९ |
| आदर्श प्रा.वि दाह्रेखोला | ६३ |

स्रोतः शिक्षा शाखा, मल्लरानी गा.पा., २०७५

### २.१.१३ नमुना तथा इन्टरनेट सुविधा उपलब्ध विद्यालय विवरण

तालिका नं ४७ः इन्टरनेट सुविधा उपलब्ध विद्यालय विवरण

| क्र.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | भानूभक्त मा.वि. बर्बोट | मल्लरानी ३ |
| २ | शारदा मा.वि. चौरपानी | मल्लरानी ३ |
| ३ | जनजागृति मा.वि. कसेरी | मल्लरानी ४ |
| ४ | महेन्द्र मा.वि. खलङ्गा | मल्लरानी ४ |
| ५ | खलङ्गा आ.वि. खलङ्गा | मल्लरानी ४ |
| ६ | मल्लरानी इ. वोडिङ्ग स्कुल | मल्लरानी ४ |

स्रोतः शिक्षा शाखा, मल्लरानी गा.पा., २०७६

### २.१.१४ सुधारिएको मापदण्ड (भुकम्म प्रतिरोधि) अनुसार निर्माण भएका विद्यालय

यस मल्लरानी गाउँपालिकामा रहेका २५ विद्यालय मध्ये पछिल्लो चरणमा निर्माण गरिएका १२ वटा विद्यालयका केही ब्लकहरु भुकम्प प्रतिरोधात्मक रहेका छन् र अन्य विद्यालयहरु भुकम्प प्रतिरोधात्मक बन्न सकेका छैनन् ।

### २.१.१५ स्थानीय सरकारको शिक्षा क्षेत्रमा लगानी

यस मल्लरानी गाउँपालिकामा आ.व. ०७६/०७७ को लागि रु १,७८,३०,००० एक करोड अठहत्तर लाख तीस हजार रुपैया बजेट वियोजना गरेको छ ।

## २.१.१६ प्राविधिक तथा विशेष सीपयूक्त मानव संसाधन

तालिका नं. ४८ः विषयगत शैक्षिक जनशक्तिको विवरण

| विषयगत/ वडा नं. | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| मानविकी र कला | ७ | १० | ४६ | १६७ | ८ | २३८ | ३२.५६ |
| व्यापार र प्रशासन | १ | ३ | ६ | ६२ | ० | ७२ | ९.८५ |
| शिक्षा | ११ | ६० | ४८ | ७९ | १७ | २१५ | २९.४१ |
| विज्ञान | ० | ३ | ६ | १३ | १ | २३ | ३.१५ |
| स्वास्थ्य | ० | ० | ३ | ८ | ० | ११ | १.५० |
| इन्जिनियरिङ | ० | ० | १ | १७ | ० | १८ | २.४६ |
| कानुन | ० | ० | ० | ११ | ० | ११ | १.५० |
| सामाजिक/व्या. विज्ञान | ० | ० | ८ | ३४ | ३ | ४५ | ६.१६ |
| गणित र तथ्याङक | ० | ० | ४ | २ | ० | ६ | ०.८२ |
| कृषि, वन र मत्स्य | ० | ० | ० | १२ | ० | १२ | १.६४ |
| उल्लेख नगरिएको | १ | ५ | ६ | ६६ | २ | ८० | १०.९४ |
| जम्मा | २० | ८१ | १२८ | ४७१ | ३१ | ७३१ | १००.०० |

स्रोतः राष्ट्रिय जनगणना, २०६८

राष्ट्रिय जनगणना, २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ । जसअनुसार यस गाउँपालिकामा सबैभन्दा बढी मानविकी र कला विषय लिएर पढ्नेको संख्या २३८ (३२.५६ प्रतिशत) रहेको छ भने दोस्रोमा शिक्षा विषय लिएर पढ्नेको संख्या २१५ (२९.४१ प्रतिशत), तेस्रो स्थानमा ब्यापार र प्रसाशन विषय लिएर पढ्नेको संख्या ७२ (९.८५ प्रतिशत), विज्ञान विषय लिएर पढ्नेको संख्या २३ (३.१५ प्रतिशत), सामाजिक र ब्यवहारिक विज्ञान पढ्नेको संख्या ४५ (६.१६ प्रतिशत), इन्जिनियरिङ विषय लिएर पढ्नेको संख्या १८ (२.४६ प्रतिशत) र गणित र तथ्यांकशास्त्र विषय लिएर पढ्नेको संख्या ६ रहेको देखिन्छ । अन्य प्राविधिक विषय लिएर पढ्नेहरु केही भएपनि अहिलेको प्राविधिक युगमा अझै पनि प्राविधिक शिक्षामा कमी रहेको देखिन्छ । यस गाउँपालिकामा प्राविधिक शिक्षा ( स्वास्थ्य, इन्जिनियरिङ, कृषि आदि) मा जोड गर्नु पर्ने देखिन्छ ।

## २.१.१७ अपाङ्गता तथा विशेष शिक्षा स्रोतकक्षा र विद्यार्थी विवरण

तालिका नं. ४९ः अपाङ्गता तथा विशेष शिक्षा स्रोतकक्षा र विधार्थी विवरण

| क्र.सं. | बिबरण | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १. | दृष्टी बिहिन बालबालिका | ३ | ९ | १२ |
| २. | शारीरिक अपाङ्गता | ३ | ६ | ९ |

स्रोतः शिक्षा शाखा, मल्लरानी गा.पा., २०७६

# २.२ स्वास्थ्य तथा पोषण

## २.२.१ स्वास्थ्य संस्था र संस्थामा उपलब्ध तथा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी र अन्य जनशक्ति विवरण

तालिका नं. ५०ः स्वास्थ्य संस्थामा उपलब्ध जनशक्ति विवरण

| स्वास्थ्य संस्थाको नाम | पद | दरबन्दि | पद्पुर्ति | रिक्त | करार |
|---|---|---|---|---|---|
| **खलंगा प्राथमिक स्वास्थ्य केन्द्र** | मेडिकल अधिकृत | १ | १ | 0 | २ |
| | हेल्थ असिस्टेन्ट | १ | १ | 0 | ० |
| | स्टाफ नर्स | १ | १ | 0 | ० |
| | अ.हे.व./सि.अ.हे.ब. | ३ | ३ | 0 | १ |
| | अ.न.मी./सि.अ.न.मी. | ३ | ३ | 0 | ० |
| | ल्याब असिस्टेन्ट | १ | १ | 0 | १ |
| | कार्यालय सहयोगी | ० | ० | 0 | १ |
| | **जम्मा** | **१०** | **१०** | **0** | **५** |
| **स्वास्थ्य चौकी चुँजा** | हे.अं/सि.अ.हे.ब. | १ | १ | ० | ० |
| | हे.अ./अ.हे.ब. | २ | १ | १ | ० |
| | अ.न.मि. | २ | १ | १ | ० |
| | कार्यालय सहयोगी | १ | ० | १ | १ |
| | जम्मा | ६ | ३ | ३ | १ |
| **स्वास्थ्य चौकी धरमपानी,** | हे.अं/सि.अ.हे.ब. | १ | १ | 0 | ० |
| | हे.अ./अ.हे.ब. | २ | २ | 0 | ० |
| | अ.न.मि. | २ | २ | 0 | १ |
| | कार्यालय सहयोगी | १ | १ | 0 | ० |
| | जम्मा | ६ | ६ | ० | १ |
| **स्वास्थ्य चौकी खैरा** | हे.अं/सि.अ.हे.ब. | १ | १ | 0 | ० |
| | हे.अ./अ.हे.ब. | २ | २ | 0 | ० |
| | अ.न.मी. | २ | २ | 0 | १ |
| | कार्यालय सहयोगी | १ | ० | १ | १ |
| | जम्मा | ६ | ५ | १ | २ |
| **आधारभुत स्वास्थ्य सेवा केन्द्र** | अ.हे.ब. | १ | ० | 0 | १ |
| | अ.न.मी. | १ | ० | 0 | १ |
| | कार्यालय सहयोगी | १ | ० | 0 | १ |
| | जम्मा | ३ | ० | ० | ३ |
| **सामुदायिक स्वास्थ्य ईकाइ निशान टाकुरा** | अ.हे.ब. | १ | ० | 0 | १ |
| | अ.न.मी. | १ | ० | 0 | १ |
| | कार्यालय सहयोगी | १ | ० | 0 | १ |
| | जम्मा | ३ | ० | ० | ३ |
| **शहरी स्वास्थ्य ईकाई** | अ.हे.व | १ | १ | १ | १ |
| | जम्मा | १ | १ | १ | १ |

स्रोतः मल्लरानी गा.पा., २०७६

मल्लरानी गा.पा. अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र खलङ्गा १, स्वास्थ्य चौकी ३ (चुंजा, धरमपानी र खैरा), आधारभुत स्वास्थ्य केन्द्र मल्लरानी २ मा १, सामुदायिक स्वास्थ्य ईकाई मल्लरानी ३ को निशान टाकुरा १, र शहरी स्वास्थ्य ईकाई मल्लरानी ५ को सरङकोट १, गरी जम्मा ७ वटा स्वास्थ्य संस्था मार्फत् स्वास्थ्य सेवाका प्रवर्धनात्मक, निरोधात्मक र उपचारात्मक सेवाहरु दिदै आएको छ । भौतिक पूर्वाधारको हिसाबले अझै पनि चुंजा र खैरामा रहेको हे.पो. को अवस्था कमजोर रहेको छ, आवश्यक मात्रामा कार्यकक्ष छैन भने भर्खर स्थापना भएका आधारभूत स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य ईकाई र शहरी स्वास्थ्य ईकाईको अवस्था झन् कमजोर रहेका छन् ।

यस गा.पा. का धेरै जसो जनसंख्यालाई वार्ड नं ४ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रले गुणस्तरीय सेवा दिदै आएको छ । यो यस गा.पा. को एक मात्र आधारभूत आकस्मिक प्रशुति तथा नवजात शिशु स्याहार सेवा (Basic Emergecy Obstetric and Neo-natal Care) उपलब्ध स्वास्थ्य संस्था हो । यस गा.पा. को चुंजा हे.पो., धरमपानी हे.पो., र खैरा हे.पो. मा २४ सै घण्टा सुत्केरी सेवा (Birthing Center) उपलब्ध छ । यस प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य विमा कार्यक्रम पनि लागु भएकोले धेरै भन्दा धेरै सेवाग्राहीहरुले सेवा लिइरहेका छन् । यसरी नै यस गा.पा. भित्रका खलङ्गा प्राथमिक सेवा केन्द्र, चुंजा हे.पो., धरमपानी हे.पो., र खैरा हे.पो. मा किशोर किशोरी मैत्री स्वास्थ्य सेवा संचालन छ । जसमध्ये प्राथमिक सेवा केन्द्र खलगा र खैरा हे.पो. लाई स्वास्थ्य सेवा विभागवाट किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको लागि प्रमाणीकरण गरेको छ र बाँकी स्वास्थ्य संस्थाहरु पनि प्रमाणीकरणको क्रममा रहेका छन् ।

यस गा.पा. मा रहेका स्वास्थ्य संस्थाहरुमा ३५ जना कर्मचारीको दरवन्दी स्वीकृत छ भने २४ जना पदपुर्ति भएका छन् । १६ जना करारमा कार्यरत रहेका छन । खलङ्गा प्राथमिक स्वास्थ्य केन्द्रमा दरवन्दी पुरा भएता पनि कामको वोझ हेरेर थप ५ जना करारमा कार्यरत रहेको छ । यसरी नै धरमपानी हे.पो. मा दरवन्दी खाली छैन, तर करारमा एक जना कार्यरत रहेको छ । खैरा हे.पो. मा १ जना दरवन्दीमा खाली भएतापनि करार सेवामा दुईजना कार्यरत छन् । अन्य स्वास्थ्य संस्थाहरुमा पनि करारवाट दरवन्दी पूर्ति गरिएका छन् ।

## २.२.२ खोप सेवा तथा सुरक्षित मातृत्व सम्बन्धी विवरण

तालिका नं. ५१ः खोप सेवा विवरण

| क्र.सं. | खोपको विवरण | चुंजा हे.पो. | धरमपानी हे.पो. | खल[illegible] प्रा.स्वा.के. | खैरा हे.पो. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | वि.सि.जी. | २१८ | ६३ | ४० | ७७ | ७१ |
| २ | डि.पि.टी. हेप बी हिब३ | २१२ | ६८ | ४८ | ८४ | ७५ |
| ३ | पि.सि.भि. ३ | २५३ | ९१ | ५४ | ६६ | ८६ |
| ४ | एआईपिभि दोस्रो | १९ | ५० | ३८ | ८० | ३८ |
| ५ | मिजल्स/रुबेला १ | २५३ | ९१ | ५४ | ६६ | ८६ |
| ६ | मिजल्स/रुबेला २ | २०२ | १२७ | ७० | १०८ | १०२ |
| ७ | जापानिज ईन्सेफलाइटिस् (जेई) | २४१ | १२८ | ७८ | १०२ | १११ |
| ८ | टिडि२ र टिडि२+ | १२९ | ६६ | ४७ | ५० | ५७ |
| ९ | वि.सि.जी. र मिजल्स ड्रपआउट | -१६ | -४६ | -३३ | १५ | -२१ |
| १० | डि.पि.टी. हेप बी हिब३ ड्रपआउट | २० | १ | ६ | ४ | १२ |
| ११ | वि.सि.जी. खेर जाने दर | ८६ | ९० | ८५ | ९१ | ८८ |
| १२ | डि.पि.टी. हेप बी हिब३ खेर जाने दर | १२ | २२ | ४७ | ४५ | २९ |
| १३ | पोलियो (ओपिभि) खेर जाने दर | १२ | २२ | ५० | ३५ | २७ |
| १४ | पि.सि.भि. खेर जाने दर | ११ | ६ | १३ | १७ | ११ |
| १५ | पोलिया (एफआईपिभि) खेर जाने दर | ६९ | ३८ | ४५ | ३८ | ४९ |
| १६ | मिजल्स/रुबेला खेर जाने दर | ४८ | ५१ | ५८ | ७४ | ५६ |
| १७ | टिडि खेर जाने दर | ३३ | ३७ | ४८ | ५४ | ४२ |

स्रोतः मल्लरानी गा.पा., २०७६

स्वास्थ्य सेवामा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवा उतिकै महत्वका छन् । त्यस मध्ये शिशु तथा वालमृत्यूदर लाई घटाउन खोप सेवा (Immunization) ले महत्वपुर्ण भुमिका निभाउने हुनाले नेपाल सरकारले खोपसेवालाई विशेष महत्व दिइएको छ ।

मल्लरानी गा.पा.को सन्दर्भमा उपलब्ध तथ्यांकहरुको विश्लेषण गर्दा टिवि रोगको विरुद्ध लगाइने BCG कभरेज ८५% भएकोमा यो वर्ष अझ तल झरेको देखियो । यसरी नै एक वर्ष मुनिका वालवालिकालाई लगाईने डिपिटी, हेप.वी., हिवको को प्रतिशत पनि ७५ मात्र पुगेको देखिन्छ । यसरी नै पिसिभि ३ को कभरेज ८६ प्रतिशत देखिन्छ । तर अनौठो त के भने यी तीनै थरिका खोपको कभरेज चुँजा हे.पो. को  सन्दर्भमा २०० प्रतिशत भन्दा वढीको कभरेज रहेको छ । यसले के देखाउँछ भने यो हे.पो. मा दिइएको लक्ष्य भन्दा दोब्बर वढीको कभरेज हुनुमा उक्त स्वास्थ्य संस्थाले वडा नं. २ मा पनि खोप सेवा सञ्चालन गर्ने भएको र संयुक्त रुपमा चुजाँ स्वास्थ्य चौकीबाट प्रतिवेदन भएको हो र निकट भविष्यमा वडा नं. २ मा रहेको आधारभुत स्वास्थ्य सेवा केन्द्रबाट खोप कार्यक्रम सञ्चालन गर्ने लक्ष्य राखेको छ । अन्य हे.पो. को क्षेत्रवाट पनि वालवालिका खोप लगाउन यस हे.पो. मा आएका छन् वा स्वास्थ्य सेवा विभागवाट प्राप्त हुने लक्ष्यको प्रक्षेपण गलत भएको हुन सक्छ ।

यसरी नै एक वर्षमुनीका वाल वालिकालाई लगाईने FIPV खोप १५.२ प्रतिसातले मात्र लगाएको देखिन्छ भने दादुरा/रुवेला विरुद्धको खोप, जुन ९ देखि ११ महिनासम्ममा लगाईन्छ, कभरेज ८६.१ प्रतिशत रहेको छ। १२ देखि २३ महिनामा लगाईने दादुरा/रुवेलाको दोस्रो डोज भने १०२.४ प्रतिशत वालवालिकाले लगाएको तथ्यांकले देखाउँछ । १२ देखि २३ महिनासम्मका बच्चाहरुलाई दिइने जापानीज इन्सेफलाइटिस् (JE) को खोप भने १११.३ प्रतिशत वालवालिकाले लगाएको देखिन्छ । सुरक्षित मातृत्वको लागि अति आवश्यक खोप TD2 / TD2+ सेवाको कभरेज पनि यस गाउँपालिकामा न्यून (५७%) मात्र देखिन्छ । यस तर्फ पनि स्थानीय सरकारले विशेष ध्यान दिन जरुरी छ ।

### २.२.३ परिवार योजना सेवा

नेपालको संविधान २०७२ ले प्रजनन् स्वास्थ्यलाई ब्यक्ति र वैवाहिक जोडिको आधारभुत अधिकारको रुपमा ब्यवस्था गरेको छ । हालसालै नेपालको संघीय संसदले सुरक्षित मातृत्व र परिवार योजना सम्वन्धि ऐनको पारित गरेको छ । प्रजनन् स्वास्थ्य सम्वन्धित सेवाहरु सेवाग्राहीले सजिलैसित सेवा लिन सक्ने (Affordable), जुनसुकै वेला प्राप्त गर्न सकिने (Accessible) र सर्व स्वीकार्य (Acceptable) हुनु पर्छ भने विश्वब्यापी मान्यता रहदै आएको छ । यो सेवा ग्रहकको सुचित छनौटको (Informed Choice) आधारमा हुनु पर्दछ । तर यस गा.पा. मा रहेका ७ वटा स्वास्थ्य संस्थाहरु मध्य तीनवटा स्वास्थ्य संस्थामा (प्राथमिक सेवा केन्द खलगा, खैरा हे.पो. खैरा र धरमपानी हे.पो., धरमपानी) मात्र परिवार योजना सम्बन्धि पाँचवटै सेवा (पिल्स्, कण्डम, डिपो प्रोभेरा, ईम्प्लान्ट र आई.यु.सि.डि.) उपलब्ध छ । अन्य स्वास्थ्य संस्थाहरुमा पनि यी सेवाहरु तुरुन्तै विस्तार गर्नु पर्ने देखिन्छ ।

नेपालको संन्दर्भमा परिवार योजना सेवाको प्रयोग दर (Contraceptive Prevalence Rate) मात्र ४२.८% (विवाहित महिलाको हकमा) रहेको छ र सवै प्रजनन् उमेरका महिलाको हकमा यो दर मात्र ३३% रहेको छ (NDHS -2016) । अझै पनि परिवार योजनाको अपरिपुर्ति माग (Unmet Demand) २३.७% रहेको छ । यसको मतलव परिवार योजना सेवा अझै पनि सवैजनाले चाहेको वेला, रोजेको साधन सुलभ मुल्यमा प्राप्त गर्न सकेको छैन भन्ने जनाउँछ ।

परिवार योजना सेवाका धेरै फाईदाहरु छन् । यसले शिक्षा र रोजगारमा पहुँच वृद्धि गर्दछ । यसले महिला सशक्तिकरणमा सहयोग पुर्‍याउँछ । परिवार योजना सेवा मार्फत अनिच्छित गर्भ रोक्न सहयोग गर्दछ । यस्ले बालबच्चाको स्वास्थ्य, शिक्षा, र पालनपोषणमा लगानी बृद्धि गर्नमा मद्त गर्दछ। यसले शिशु बाल र मातृ मृत्यूदर कम गर्न महत्वपूर्ण सहयोग गर्दछ । अझ भनौ अहिले हामीले परिवार योजना सेवामा रु १ करोड खर्च गरेमा भविश्यमा रु ६ करोड बराबर राष्ट्रिय बचत हुन्छ । त्यसैले परिवार योजना सेवा स्वास्थ्य क्षेत्रको महत्वपूर्ण सेवा हो । त्यसैले नेपाल सरकारले यो सेवालाई बढाएर सन् २०३० सम्ममा परिवार योजना सेवाको प्रयोग दर ६५ प्रतिशत पुर्‍याउने लक्ष्य निर्धारण गरेको छ।

तालिका नं. ५२ः स्वास्थ्य संस्था अनुसार परिवार योजनाको साधन प्रयोग दर

| **क्र.सं.** | **स्वास्थ्य संस्थाको नाम** | **परिवार योजनाको साधन प्रयोग दर** |
|---|---|---|
| **१** | चुँजा हे.पो. | ५३ |
| **२** | धरमपानी हे.पो. | ३१ |
| **३** | खलङ्गा प्रा.स्वा.के. | ३८ |
| **४** | खैरा हे.पो. | १० |
| **५** | साराङ्गकोट शहरी स्वा.के. | १ |
| **६** | धरमपानी सा.स्वा.ई. | २ |
| | जम्मा | ३२ |

स्रोतः स्वास्थ्य कार्यालय प्यूठानको वार्षिक रिपोर्ट, २०७४/२०७५

माथि दिइएको तालिकामा हेर्दा मल्लरानी गाउँपालीकाको समग्र परिवार योजनाको साधनहरुको प्रयोग दर ३२ प्रतिशत मात्र छ । यो प्रयोग दर राष्ट्रिय दर भन्दा निकै कम छ। यदि हामीले स्वास्थ्य संस्थाहरु अनुसार परिवार योजना साधनको प्रयोग दर हेर्ने हो भने सबभन्दा कम खैरा १० प्रतिशत, सबैभन्दा धेरै चुँजा हे.पो. को ५३ प्रतिशत देखिन्छ । त्यसपछि खलंगामा ३८ प्रतिशत र धरमपानी हे.पो. को ३१ प्रतिशत मात्र देखिन्छ । मल्लरानी गा.पा. को परिवार योजनाको साधनहरुको प्रयोग दर २८ प्रतिशत पु-याउन चुँजा हे.पो. को योगदान रहेको देखिन्छ ।

## २.२.४ पोषणको अवस्था

तालिका नं. ५३ः पोषणको अवस्था

| क्र.सं. | पोषणको अवस्था | चुँजा हे.पो. | धरमपानी हे.पो. | खलङ्गा प्रा.स्वा.के. | खैरा हे.पो. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | बृद्धि अनुगमन गर्न दर्ता भएका ०-११ महिनाको बच्चाको प्रतिशत | २४९ | १०० | ३४ | १६७ | ९६ |
| २ | बृद्धि अनुगमन गर्न दर्ता भएका ०-२३ महिनाको बच्चाको प्रतिशत | २०४ | १२२ | ८४ | १६१ | ११० |
| ३ | कम तौल भएका बच्चा बृद्धि अनुगमन गर्न दर्ता भएका नयाँ बच्चाको प्रतिशत | ३ | १ | १ | १ | २ |
| ४ | ०-२३ महिनाको बच्चाको बृद्धि अनुगमन गर्न दर्ता भएका स्वास्थ्य संस्थाका जाने औषत पटक | ३ | ६ | ३ | २ | ४ |
| ५ | १२-५९ महिनासम्मका भिटामिन ए पाउने बच्चाको संख्या | १००९ | ८३२ | ६१५ | ४५२ | २९०८ |
| ६ | ६-११ महिनासम्मका भिटामिन ए पाउने बच्चाको संख्या | १२३ | ९८ | ७५ | ६० | ३५६ |
| ७ | ५ वर्षसम्मका जुकाको औषधि खुवाएको बच्चाको संख्या | १००९ | ८३२ | ६१५ | ४५२ | २९०८ |

*स्रोतः मल्लरानी गा.पा., २०७६*

पोषणको क्षेत्रमा बच्चाको बृद्धिको अनुगमन राम्रै देखिन्छ । गत वर्ष एक वर्ष मुनिका अर्थात् ० देखि ११ महिना सम्मका बच्चाको बृद्धि अनुगमन ९६ प्रतिशत भएको देखिन्छ । जस्मा सबैभन्दा धेरै चुजाँ हेल्थपोष्टमा २४९ प्रतिशत र खैरामा १६७ प्रतिशत भएको देखिन्छ । त्यसको तुलनामा धरमपानी हेल्थपोष्टमा १०० प्रतिशत र खलंगा प्राथमिक स्वास्थ्य केन्द्रमा ३४ प्रतिशत मात्र बृद्धि अनुगमन भएको पाइन्छ । एक वर्ष मुनिको बच्चाहरुको भन्दा २ वर्षका बच्चाहरुको बृद्धि अनुगमन तुलनात्मक रुपमा

रामो देखिन्छ । जसमा चुजाँ हेल्थपोष्टमा २०४ प्रतिशत, खैरा हेल्थपोष्टमा १६१ प्रतिशत, धरमपानी हेल्थपोष्ट १२२ प्रतिशत र खलंगा प्राथमिक स्वास्थ्य केन्द्रमा ८४ प्रतिशत बच्चाको बृद्धि अनुगमन भएको देखिन्छ । यसरी नै बृद्धि अनुगमनको लागि कुल २ प्रतिशत नयाँ बच्चाले रजिष्टर गरेको देखिन्छ ।

### २.२.५ बाल स्वास्थ्यको अवस्था

**तालिका नं. ५४: समुदायमा आधारित नवजात शिशु तथा वालवालिकाहरुको विरामीपनको एकिकृत ब्यवस्थापन (CB-IMNCI)**

| क्र.सं. | पोषणको अवस्था | चुँजा हे.पो. | धरमपानी हे.पो. | खलङ्गा प्रा.स्वा.के. | खैरा हे.पो. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | जीवित जन्मेका बच्चाहरु मध्ये जन्मने वितिक्कै क्लरोहेक्साडिन जेल (CHX) लगाएका बच्चाको प्रतिशत | ४६ | १०० | १०० | १०५ | ७३ |
| २ | विरामी भएर भर्ना भएका ०-२ महिनासम्मका बच्चाहरु मध्ये (PSBI) भएका बच्चाको प्रतिशत | २२ | ३५ | ८ | ० | १७ |
| ३ | (PSBI) भएका बच्चाको मध्ये जेन्टामाईसिन पाएका बच्चाहरुको प्रतिशत | ५० | १७ | ६७ | | ३६ |
| ४ | ५ वर्षमुनीका झाडापखाला (Diarrhoea) भएका बच्चाको स्वास्थ्य संस्थामा आएका बच्चाहरुको संख्या | १६७४ | ९२७ | ३४४ | ८२२ | ७४० |
| ५ | ५ वर्षमुनीका झाडापखाला (Diarrhoea) भएका बच्चाहरुमध्ये Zink र ORS बाट उपचार भएका बच्चाहरुको प्रतिशत | ९६ | १०० | १०० | १०० | ९८ |
| ६ | ५ वर्षमुनीका स्वासप्रस्वाशको संक्रमण (ARI) भएर स्वास्थ्य संस्थामा आएका बच्चाको घटना दर (Incidence rate) प्रति १००० बच्चामा | १९२५ | २१६२ | ९९३ | १५१९ | १३५५ |
| ७ | ५ वर्षमुनीका निमोनिया (Pneumonia) भएर स्वास्थ्य संस्थामा आएका बच्चाको घटना दर (Incidence rate) प्रति १००० बच्चामा | ६७७ | ३५६ | २४१ | ६२ | २८४ |
| ८ | स्वास्थ्य संस्था वा आउट रिच क्लिनिकमा उपचार गराउन आएका ५ वर्षमुनीका नयाँ स्वासप्रस्वाशको संक्रमण (ARI) बच्चाको प्रतिशत | २५ | २२ | ३५ | ८ | २४ |
| ९ | निमोनिया (Pneumonia) भएर स्वास्थ्य संस्थामा आएका बच्चाहरुमध्ये (Antibiotics) प्रयोग गरी उपचार गरेवापत प्रतिशत | १०१ | १०८ | ११८ | ११३ | १०७ |

*स्रोतः मल्लरानी गा.पा., २०७६*

यसरी नै ५ वर्ष मुनिका बच्चाहरुले भिटामिन ए पाउने र जुकाँको औषधी पाउनेको संख्या २,९०८ जना देखिन्छ भने छ महिना देखि ११ महिनासम्म भिटामिन ए पाउने बच्चा बच्चीको संख्या ३५६ जना मात्र देखिन्छ । यसरी नै नयाँ बच्चा जन्मेपछिको स्याहार को सन्दर्भमा तथ्यांक केलाउने हो भने ७३ प्रतिशत शिशुहरुमा नाबि मलम प्रयोग गरेको देखिन्छ । यसले नाभिमा हुने संक्रमणबाट शिशुलाइ जोगाउँछ । यसरी अति सिरियस शिशुहरुलाइ जेन्टामाइसिन औषधीको पूरा मात्रा ३६ प्रतिशत शिशुहरुले पाएको देखिन्छ । गत आर्थिक वर्षमा चुजाँ हेल्थपोष्टमा १६७४ जना, धरमपानी हेल्थपोष्टमा ९२७ जना, खलंगा प्राथामिक स्वास्थ्य केन्द्रमा ३४४ जना र खैरा हेल्थपोष्टमा ८२२ जना ५ वर्ष मुनीका बच्चाहरु झाडापखालाको उपचार गर्न आएको देखिन्छ । त्यस मध्ये ९८ प्रतिशत बालबालिकालाई जिंक ट्यावलेट र जीवनजलबाट उपचार भएका थिए । गत आर्थिक वर्ष मल्लरानी गाउँपालीकामा कडा स्वासप्रस्वास सम्बन्धि संक्रमणबाट पीडित १३५५ प्रति एक हजार बालबालिका विभिन्न स्वास्थ्य संस्थामा उपचार गराएको देखिन्छ भने वर्ष नै न्यूमोनीयाबाट पीडित २८४ जना प्रति हजारमा बच्चामा निमोनिया भएको देखिन्छ ।

## २.२.६ मल्लरानी गा.पा. मा स्वास्थ्य संस्थाबाट सेवा लिने सेवाग्राहीको विवरण

तालिका नं. ५५ः सेवाग्राहीको विवरण

| क्र.सं. | उपचार सम्बन्धी विवरण | चुंजा हे.पो. | धरमपानी हे.पो. | खलङ्गा प्रा.स्वा.के. | खैरा हे.पो. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ओपिडिमा (OPD) आएका नयाँ विरामीको संख्या (महिला) | २५७३ | ४८९५ | ५७५४ | २६३९ | १५८६१ |
| २ | ओपिडिमा (OPD) आएका नयाँ विरामीको संख्या (पुरुष) | १७६६ | ३३५१ | ३८४१ | १५२१ | १०४७९ |
| ३ | ओपिडिमा (OPD) आएका जम्मा नयाँ विरामीको संख्या | ४३३९ | ८२४६ | ९५९५ | ४१६० | २६३४० |
| ४ | जम्मा जनसंख्या मध्ये ओपिडिमा (OPD) आएका विरामीको प्रतिशत | १४९ | १८५ | १६८ | १५८ | १४० |
| ५ | प्रशुति पूर्वको गर्भजाँच (ANC Check up) गर्न आएका गर्भवति महिलाहरु मध्ये एचआईभी परिक्षण (ANC Check up) गराउने महिलाको प्रतिशत | ७० | ४२ | ८२ | ८१ | ६७ |

स्रोतः मल्लरानी गा.पा., २०७५/७६

गत आर्थिक वर्षमा मल्लरानी गाउँपालीमा जम्मा २६,३४० जनाले उपचार सेवा लिएको देखिन्छ । उपचार सेवा लिएका मध्ये ४० प्रतिशत पुरुष र बाँकि ६० प्रतिशत महिला देखिन्छ । यसरी नै यस गा.पा.को कुल जनसंख्याको भन्दा बढी अर्थात् १४० प्रतिशतले स्वास्थ्य सेवा लिएको देखिन्छ । यसले के देखाउँछ भने या त यहाँ दोहोर्याएर स्वास्थ्य सेवा लिनेको संख्या अधिक छ वा यहाँ अन्य गा.पा. बाट पनि स्वास्थ्य सेवा लिन आउँछन् । यसले गर्दा स्वास्थ्य संस्थामा एकपटक पनि नपुगेको संख्या कति छन् भन्न गाह्रो छ । त्यस्तै गर्भवति जाँच र एच.आइ.भि टेष्ट गर्न आउँने गर्भवति महिलाको प्रतिशत ६७ रहेको छ।

## २.२.७ मल्लरानी गा.पा. मा पाईएका प्रमुख रोग सम्बन्धी विवरण

तालिका नं. ५६ः प्रमुख १० रोग सम्बन्धी विवरण

| क्र.सं. | उपचार सम्बन्धी विवरण | जम्मा |
|---|---|---|
| १ | ग्यास्ट्रिआइटिस् (APD) | २१५८ |
| २ | तल्लो स्वाशप्रस्वाश नली सम्बन्धि संक्रमण (LRTI) | १५८८ |
| ३ | लडेर घाईते भएर हड्डी भाँचिएका (Falls/Injuries/Fractures) | १५७१ |
| ४ | टाउको दुःख्ने (Headache) | १५१२ |
| ५ | माथिल्लो भागको स्वासप्रस्वास नली सम्बन्धि संक्रमण (URTI) | १४०९ |
| ६ | उच्च रक्तचाप (Hypertension) | १२७० |
| ७ | संक्रमित झाडापखाला (Infectious Diarrhoea Cases) | ८९६ |
| ८ | छाला सम्बन्धि समश्या (Scabies Cases) | ५७९ |
| ९ | पिसाव सम्बन्धि संक्रमण (UTI) | ५६८ |
| १० | कडा टन्सिलाईटिस (Acute Tonsilitis) | ५६५ |

स्रोतः मल्लरानी गा.पा., २०७६

मल्लरानी गाउँपालिकामा गत वर्ष स्वास्थ्य सेवा लिनेहरुको तथ्यांकलाई विश्लेषण गर्दा ग्यास्ट्रिआइटिस् जस्ता रोगहरुबाट पीडित बिरामीहरु सबैभन्दा धेरै (२,१५८) जनाले स्वास्थ्य सेवा लिएको देखिन्छ । त्यस पछि धेरै बिरामीको संख्या तल्लो स्वास प्रस्वास प्रणालीको संक्रमण जस्तै निमोनिया, जस्ता रोगहरुबाट पीडित १,५८८ जना बिरामीहरुको उपचार गराएको देखिन्छ । तेस्रो प्रमुख रोगको रुपमा लडेर हुने घाउ, चोटपटक, फ्याक्चर देखिन्छ । गत वर्ष १५७१ जनाले उपचार गराएका थिए । चौथो प्रमुख

रोगको रुपमा टाउको दुखेर स्वास्थ्य संस्थामा आउँने देखिन्छ । पाँचौमा भने नाक, कान, घाँटी सम्बन्धि समस्या पर्दछन् । जसमा घाँटी दुख्ने, नाक पाक्ने जस्ता रोगहरु पर्दछन् । त्यस पछि उच्च रक्तचाप, झाडापखाला, लुतो, पिसाब नलीको संक्रमण र कडा पर्दछन् । त्यसैले रोगहरुको प्रचुरता हेरेर औषधीको र सामग्रीको व्यवस्थापन गर्न सकेमा मल्लरानी गाउँपालिकाको समग्र स्वास्थ्य स्थितिमा सुधार गर्न सकिन्छ ।

## २.२.८ सुरक्षित मातृत्व

**तालिका नं. ५७ः सुरक्षित मातृत्व सम्बन्धी विवरण**

| क्र.सं. | सुरक्षित मातृत्व सम्बन्धी विवरण | चुँजा हे.पो. | धरमपानी हे.पो. | खलËा प्रा.स्वा.के. | खैरा हे.पो. | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | कम्तिमा एक पटक गर्भजाँच (ANC Check Up) गराउने गर्भवति महिलाको प्रतिशत | १५४ | ९६ | ७० | १०० | ८२ |
| २ | सरकारी मापदण्ड (Protocol) अनुसार कम्तिमा पहिलो पटक गर्भजाँच (1st ANC Check Up) गराउने गर्भवति महिलाको प्रतिशत | ८१ | ७२ | ५९ | ७८ | ५९ |
| ३ | सरकारी मापदण्ड (Protocol) अनुसार कम्तिमा ४ पटक गर्भजाँच (4th ANC Check Up) गराउने गर्भवति महिलाको प्रतिशत | ५९ | ६० | ५० | ४८ | ४५ |
| ४ | गर्भवति अवस्थामा कम्तिमा १८० दिन आईरन चक्की (Iron Folic Acid) प्राप्त गर्ने महिलाको प्रतिशत | ७१ | ६२ | ५० | ४८ | ४८ |
| ५ | संस्थागत सुत्केरी हुनेको प्रतिशत | २३ | ३१ | २४ | २५ | २२ |
| ६ | तालिम प्राप्त स्वास्थ्यकर्मी (SBA) वाट सुत्केरी हुनेको प्रतिशत | २३ | ३१ | २४ | २५ | २२ |
| ७ | सुत्केरी भए लगत्तै (Postpartum women) भिटामिन ए प्राप्त गर्ने महिलाको प्रतिशत | १६० | ३३ | २४ | ३७ | ४५ |
| ८ | सरकारी मापदण्ड (Protocol) अनुसार तीन पटक सुत्केरी पछि जाँच (3 PNC Check Up) गराउने महिलाको प्रतिशत | २३ | ४ | २१ | २१ | १४ |
| ९ | जम्मा संस्थागत सुत्केरी हुने महिलाको संख्या | १६ | ३३ | ३३ | १६ | ९८ |
| १० | सुरक्षित मातृत्व प्रोत्साहन भत्ता पाउने महिलाको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| ११ | गर्भजाँच गराए वापत प्रोत्साहन भत्ता पाउने महिलाको प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| १२ | नयाँ जन्मेका बच्चा मध्ये कम तौलको बच्चा (साँढे दुई किलो) को प्रतिशत | १ | ३ | १ | ० | १ |
| १३ | जम्मा नवजात शिशुको मृत्यु संख्या | ० | १ | ० | ० | १ |
| १४ | जम्मा मातृ मृत्यु संख्या | ० | ० | ० | ० | ० |
| १५ | जम्मा बृहत गर्भपतन सेवा लिनेको संख्या | ० | ० | १९ | ० | १९ |
| १६ | गर्भपतन सेवा लिने २० वर्ष मुनिकाको अनुपात | | | १६ | | १६ |
| १७ | गर्भपतनको सेवा लिनेको संख्या | ० | ० | ५ | ० | ५ |
| १८ | गर्भपतनको पश्चात् लामो समय काम गर्ने परिवार योजनाको साधन (LARC) लिनेको अनुपात | | | ० | | ० |
| १९ | गर्भपतनको पश्चात्को जटिलताको उपचार (PAC) लिनेको संख्या | ० | ० | १ | ० | १ |

*स्रोतः मल्लरानी गा.पा., २०७६*

माथिको तालिकामा दिइए अनुसार मल्लरानी गाउँपालिकामा कम्तिमा एकपटक गर्भ जाँच गराउने गर्भवति महिलाको संख्या ८२ प्रतिशत रहेको छ भने नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्ड अनुसार पहिलोपटक गर्भजाँच गराउने गर्भवती महिलाको संख्या ५९ प्रतिशत छ । यसमा स्थानीय सरकारले शत प्रतिशत गर्भ जाँच गराउने परिस्थिति सिर्जना गर्न आवश्यक छ । सरकारले तोकेको मापदण्ड अनुसार ४ पटक गर्भजाचँ गराउने महिलाको प्रतिशत ४५ मात्र रहेको छ । यसले के देखाउँछ भने अझै पनि हाम्रा आमाहरु गर्भजाँचमा चेतनशील भैसकेका छैनन् र ५० प्रतिशत भन्दा बढीले गर्भ जाँच

गराउदैनन्, जुन सुरक्षित मातृत्वको लागि चुनौति हो । नेपालको सन्दर्भमा नेपालमा धेरै महिलाहरु गर्भ अवस्थामा रक्तअल्पताको अवस्थामा हुने हुनाले सरकारले प्रत्येक गर्भवति महिलालाई आइरन चक्की निःशुल्क वितरण गर्दै आइरहेका छन् । मल्लरानी गाउँपालिकाको सन्दर्भमा यो पनि ४८ प्रतिशत महिलाले मात्र लिने गरेको पाइन्छ । सुरक्षित मातृत्वको अर्को महत्वपुर्ण पाटो भनेको तालिम प्राप्त स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउनु हो ।

## २.३ खानेपानी तथा सरसफाई

### २.३.१ खानेपानीको श्रोतको विवरण

तालिका नं. ५८ः खानेपानी श्रोतको विवरण

| क्र.सं. | नाम | वडा नं |
|---|---|---|
| १ | चुँदरी खोला | १ |
| २ | कचर खोला जलाधार | ३, ४ र ५ |
| ३ | तल्लो भिम्रुक २ | ३ र ५ |
| ४ | छाप खोला | १, २, ३ र ४ |
| ५ | कान्द्रे खोला | ३, ४ र ५ |

*स्रोत : मल्लरानी गा.पा., २०७३*

### २.३.२ शौचालय प्रयोगको अवस्था

तालिका नं. ५९ः शौचालयको अवस्था

| वडा नं. | कच्चि | व्यवस्थित |
|---|---|---|
| १ | १३१ | ४०० |
| २ | ४० | ५४२ |
| ३ | २५३ | ८७८ |
| ४ | १४ | १००५ |
| ५ | ४४ | ४५१ |
| जम्मा | ४८२ | ३२७६ |

*स्रोत : मल्लरानी गा.पा., २०७३*

### २.३.३ फोहोरमैला व्यवस्थापन

पहाडी ग्रामिण वस्तीहरुमा बाक्लो बस्ती र मानविय कृयाकलाप समेत कम हुने भएकोले शहरमा जस्तो फोहोर व्यवस्थापनको जटिल समस्या रहेको हुँदैन । तथापी मानव बस्ती रहेको इलाकाहरुमा गाउँ सरसफाइलाई त्यति प्राथमिकता दिएको पाइँदैन । यसले गर्दा यदाकदा दुषित पानी र सरसफाईको कमीले हुने संक्रामक रोग (आउँ र झाडापखाला) लाग्ने गर्दछ । तसर्थ त्यसको निदानको लागि गाउँस्तरमा व्यक्तिगत र सामुदायिक सरसफाईमा जागरण फैलाउनुपर्ने देखिन्छ । यो तथ्य मल्लरानी गाउँपालिकामा समेत लागु हुन्छ ।

### २.३.४ ढल निकासको व्यवस्था

मल्लरानी गाउँपालिका वडा नं ४ खलंगामा फोहोर व्यवस्थापनको लागी ढल निकासको प्रक्रिया अधि बढाईएको पाईएको छ । साथै अन्य वडाहरुमा कुनै व्यवस्थापनको योजना नभएकोले योजना बनाउनु पर्ने आवश्यक देखिन्छ ।

## २.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### २.४.१ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

गर्भवती महिलाहरुको निःशुल्क वा न्यूनतम शुल्कमा स्वास्थ्य परीक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रिम पहिचान र न्यूनीकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ । स्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायीत्व, वृत्तिविकास तथा पुनर्ताजगी जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत् आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँ विकासमा महिलाहरुको समान सहभागिता गराउन थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरी समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

### २.४.२ महिला सहकारी संस्था विवरण

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहयो । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । यस गाउँपालिकामा बचत तथा ऋण सहकारी संस्था ७, बहुउद्देश्यीय ३, कृषि २, लघु उद्यमी ४, दुग्ध १ र उपभोक्ता ३ गरी जम्मा २० वटा सहकारी संस्था संचालनमा रहेका छन् । यस मध्य महिलाहरुद्धारा संचालित सहकारीको संख्या निम्न अनुसारको ३ वटा रहेका छन् ।

तालिका नं. ६०ः महिला सहकारीहरुको विवरण

| क्र.सं | सहकारीको नाम | शेयर सदस्य संख्या | शेयर रकम | जम्मा वचत कोष |
|---|---|---|---|---|
| १. | महिला जागरण बहुउद्देश्य सहकारी संस्था | ५३५ | ३४५४०० | ५११९९२६ |
| २. | झाक्रिस्थान सामाजिक उद्यमी महिला सहकारी संस्था | ३०० | १३४७९०० | ३०६०३०९ |
| ३ | सशक्त सामाजिक उद्यमी महिला सहकारी संस्था | २१८ | २९७७०० | ३५९३२३ |

*स्रोत : मल्लरानी गा.पा., २०७५*

### २.४.३ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन

पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन पाइदैन। तथापि सुरक्षित वातावरणमा नयाँनयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बल श्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पीडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा सानाठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रम विरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

मल्लरानी गाउँपालिकालाई बालमैत्री गाउँको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । गाउँ क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र गाउँपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चितता गरी पूर्ण खोपयुक्त गाउँको रुपमा पनि अगाडि बढाउने उद्देश्य राखिएको छ ।

## २.४.४ बालक्लव तथा संजालको विवरण

व्यक्तिगतरुपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निःशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतना शिक्षा कार्यक्रम र (१०) बाल विवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्। गाउँपालिकामा रहेका बाल क्लबहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ (अनुसूची नं.: ३ हेर्नुहोस् ) ।

## २.४.५ अल्पसंख्यक सीमान्तकृत वर्गको विवरण

### आदिवासी/जनजाति

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ । यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ३८.७४ प्रतिशत (६,८५२ जना) जनसंख्या आदिवासी (मगर, नेवार, गुरुङ, थारु आदि) रहेका छन् । जसमा सबैभन्दा बढी मगर जातिको संख्या ४,७५५ (२६.८९ प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यतः कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्युन रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाँक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्का तर्फ यी जनजातिहरुले आफ्नो मौलिक संस्कृतिलाई भने आधुनिकताको प्रभाव वीच यस समुदायले अद्यावधि बचाई राखेको पाइन्छ। यी समुदायद्वारा मल्लरानी गाउँपालिकाको मौलिक संस्कृतिलाई जीवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रुपमा हाल राष्ट्रको निर्णायक तहहरुमा केही सहभागिता देखिएको छ। मल्लरानी गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ ।

**सीमान्तकृत तथा उत्पीडित समुदाय**

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सीमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ । मल्लरानी गाउँपालिमा उत्पीडितहरूले २२.५८ प्रतिशत (३,८८५ जना) हिस्सा ओगटेको छ । जसमा कामी, सार्की, दमाई, कुमाल लगायतका अन्य दलित जातिहरु समावेश गरिएको छ । सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेका यी समुदायले राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यी समुदायका आधारभूत र माध्यामिक विद्यालयमा अध्ययनरत छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ । परम्परागत सीपको धनी यी समुदायले आफ्नो सीपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानूनी व्यवस्था अन्तर्गत जातीय छुवाछुतलाई कानूनी अपराधको रुपमा परिभाषित गरिएको झण्डै ५ दशक भएपनि उत्पीडित र अपेक्षित समुदायले अद्यापि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ । निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ । त्यसै गरी राजनैतिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनैतिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। यस गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ ।

## २.४.६ वार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको विनियोजित बजेट तथा खर्चको अवस्था

तालिका नं ६१ः *वार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको वियोजना तथा खर्चको अवस्था*

| लक्षित समुह | जम्मा संख्या | रकम रु |
|---|---|---|
| **जेष्ठ नागरिक भत्ता (अन्य)** | ४२२ | १००० |
| **जेष्ठ नागरिक भत्ता (दलित)** | ३०८ | १००० |
| **एकल महिला भत्ता** | १४२ | १००० |
| **बिधुवा भत्ता** | ९८१ | १००० |
| **पुर्ण अपाङ्गता भत्ता** | ४८ | २००० |
| **अति अशक्त अपाङ्गता भत्ता** | ११८ | ६०० |
| **बालबालिका सुरक्षा भत्ता दलित** | ६४१ | ४०० |
| **जे.ना. औषधि उपचार भत्ता** | ७०२ | १००० |
| **जम्मा** | २६६० | |

*स्रोत : मल्लरानी गा.पा. २०७५*

# २.५ युवा तथा खेलकुद र मनोरञ्जन

## २.५.१ खेल मैदान, पार्क, पिकनिक स्थल तथा मनोरन्जनस्थल सम्बन्धी विवरण

तालिका नं. ६२ः खेलकुद मैदान पार्क तथा खुला क्षेत्रको विवरण

| क्र.सं. | साविक गाविस्नपाको नाम | स्थान (प्रस्तावित गा.पा./न.पा.को वडा नं.) | क्षेत्रफल (बर्ग कि.मी.) | किसिम |
|---|---|---|---|---|
| १ | खलंगा | ४ | | खेलकुद मैदान |
| २ | खलंगा | १ | | पार्क तथा उद्यान |
| ३ | धरम्पानी | ३ | | खुला क्षेत्र |

*स्रोतः स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति, प्युठान, २०७३*

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ। हाल स्थानीय तह गठन भए पछि जिल्ला समन्वय समिति तथा गाउँपालिका र नगरपालिकाहरूले पनि आआफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, गाउँपालिका तथा नगरपालिका खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारीरिक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

### २.५.२ ब्यावसायिक खेलाडीको विवरण

ब्यवसायिक रुपमा कुनै पनि ब्यक्ति खेलाडी वा ब्यवसायिक रुपमा अगाडि बढेको तथ्याङ्क गाउँपालिकामा नरहेको र केही स्थानीय युवाहरुको सक्रियता सहित स्थानीय तथा जिल्ला स्तरमा फुटवल, भलिबल, क्रिकेट र बबड्डी खेलमा सहभागी भएको पाइएको छ । स्थानीय तहले युवाहरुको माग र आवश्यकता अनुसार केही खेलाडीहरुको उत्पादनका तथा खेलकुद कार्यक्रम गरिएको गाउँपालिकाको तथ्यां रहेको छ ।

# २.६ कला, भाषा तथा संस्कृति

## २.६.१ कला, भाषा तथा संस्कृति

मल्लरानी गाउँपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी गाउँका रुपमा रहेको छ । गाउँपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ । संचार माध्यमको ब्यापक विकास र विस्तारका साथै पश्चिमा सँस्कृतिको प्रभावका साथै विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् ।

यस गाउँपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी र मधेसी मूलका मानिसहरु रहेका छन् भने त्यस्तै मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाति र सम्प्रदायका आ[illegible]आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने[illegible]माघे संक्रान्ति, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी[illegible]हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्र श्राद्ध कूल पूजा, ग्रामथान पूजा, कर्कट संक्रान्ति, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, ईद, वकरईद, क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईन डे, होली, जेष्ठ पूर्णिमा  पुसे १५, असारे १५ आदि चाडपर्वहरु रहेका छन् ।

| | |
|---|---|
| **स्थानीय उल्लेखनीय गीत/धुनहरुः** | असारे गीत, झाम्रे ([illegible] । |
| **जात्रा/मेलाः** | छुनमुने जात्रा, कृष्ण जात्रा, गणेश जात्रा, रोपाईँ जात्रा, गाँठेमंगल । |
| **स्थानीय उल्लेखनीय नृत्यहरुः** | मारुनी नृत्य, सोरठी नृत्य, मगर नृत्य, नागा/नागिनी नृत्य । |
| **विशेष पर्वहरुः** | वैशाख पूर्णिमा, फागु पूर्णिमा, ठूलो एकादशी, कार्त्तिक पूर्णिमा, माघे संक्रान्ति, बडा दशैं, तिहार, साउने संक्रान्ति, नागपञ्चमी, ताराली नृत्य (नेवारी परम्परा अर्न्तगत), ऋषितर्पणी पूर्णिमा, जेठासी पूर्णिमा, भाद्र औँसी, असार १५ (दही च्यूरा), वैशाख संक्रान्ति, शिवालय मन्दिर पूजा । |

## २.६.२ भेषभुषा तथा चालचलन

हिन्दु धर्मावलम्वीमा शैव, वैष्णव, शाक्त, बौद्ध र इस्लाम धर्माबलम्बीहरुको बसोबास छ । हिन्दुहरुले जन्मदा छैठी, न्वारन गर्ने, जन्म कुण्डली हेराई विवाह गर्ने, मृत्यु पछि नदीको किनार लगी जलाउने चलन छ । सन्यासी वर्गले लाश गाडने गर्दछन् । मृत्यु पश्चात् पिण्डदान, ब्रम्ह भोजन आदि गर्ने चलन अद्यापी रहेको छ । पुराना अन्धविश्वास, कुरीति घट्दै गए पनि धामी, झाँक्रि झारफुक, भाकल, तन्त्रमंत्र आदि प्रचलित छन् । जातीय परम्परा अनुसार बिभिन्न जातिमा असारे गीत, तीजका महिलाका हृदयस्पर्सी भाका भैलो, झ्याउरे (झाम्रे) र दोहोरी गीतको प्रचलन छ । भेषभुषामा मगर गुरुङ महिलाहरुले मखमलको चोलो, साडी, ब्लाउज, सुनचाँदीका  गहना[illegible]ग्री, मारबारी, बुलाकी, मुन्द्री, चुरा, पोते, आदि बस्त्र लगाउने चलन छ । बाहुन, क्षेत्री र अन्य जातिमा पनि यस्तो लवाई पाईन्छ । अन्य गहनामा हवेली, हारी, फुली, नौगेडी, सिलमुन्द्री, कण्ठश्री, चुरी, बाला र कल्ली लगाउने प्रचलन घट्दै गएको छ । सुनका चुरा, पायल, टप, रिङ, तिलहरी, मंगलसुत्र लगाउने प्रचलन छ । महिलाले ब्लाउज, चोलो, पेटीकोट, लुंगी, साडी र सल लगाउने प्रचलन छ । खानपानमा ढिंडो (कोदो, मकै, जौ, चामल), पुरी, मकै (भुटेको र पोलेको), पिठो कोदाको पकाएको, तरकारी, दाल, सागसब्जी, चटनी, अचार, दूध, दही,  घ्यू, मही, जाँड, रक्सी, आदिको प्रचलन छ । दूध, चिया र कफी पिउने चलन ब्यापक छ । चुरोट, बिंडी, कक्कड (सुलफा तान्ने), खैनि आदिको अम्मल गरेको पाईन्छ । बैशाखी पूर्णिमा, आषाढ पन्ध्रमा दहीच्यूरा खाने, बैशाख सक्रान्ति, जेठासी पूर्णिमा, भाद्रऔंसी, साउने संक्रान्ति, नागपन्चमी, ऋषि तर्पणी पूर्णिमा, बडादशै, सरायँ, तिहार, देवाली, कुलपुजा, कार्तिक पूर्णमा, माघे संक्रान्ति, फागु पूर्णिमा (होली) रामनवमी, ठूलो एकादशी आदि हिन्दू चाडपर्व प्राय सवैले मनाउँछन् ।

## २.६.३ सार्वजनिक स्थल, पाटी पौवा, धार्मिक तथा ऐतिहासिक स्थल र चौतारा

तालिका नं. ६३ः सार्वजनिक स्थल, पाटी पौवा, धार्मिक तथा ऐतिहासिक स्थल र चौतारा

| **प्रमुख धार्मिक तीर्थस्थल एवंम धार्मिक मन्दिरहरु** | | |
|---|---|---|
| **क्र.सं.** | **तीर्थस्थल/मन्दिर** | **वडा नं** |
| १ | बराहदेवी मन्दिर | मल्लरानी गा.पा.[illegible], खलंगा |
| २ | भीमसेन मन्दिर | मल्लरानी गा.पा.[illegible], खलंगा |
| ३ | शिवालय | मल्लरानी गा.पा.[illegible], खलंगा |
| ४ | झाँक्रीस्थान | मल्लरानी गा.पा.[illegible], खलंगा |
| ५ | खैराकोट | मल्लरानी गा.पा.[illegible], खैरा |
| **प्राकृतिक गुफाहरु** | | |
| **क्र.सं.** | **गुफाको नाम** | **स्थान** |
| १ | भैरव डाँडा | मल्लरानी गा.पा.[illegible], खलंगा |
| **प्राकृतिक दृश्यावलोकनका स्थानहरु** | | |
| **क्र.सं.** | **प्राकृतिक दृश्य** | **स्थान** |
| १ | मल्लरानी डाँडा | मल्लरानी गा.पा.[illegible], खलंगा |
| **ऐतिहासिक महत्वका स्थानहरु** | | |
| **क्र.सं.** | **ऐतिहासिक ठाउँ** | **स्थान** |
| १ | मल्लरानी | मल्लरानी गा.पा.[illegible], खलंगा |
| २ | शिवालय, भीमसेनस्थान | मल्लरानी गा.पा.[illegible], खलंगा |

### खलंगा गणेश मन्दिर

खलंगा बजारमा अवस्थित गणेशको मन्दिर यस क्षेत्रको प्रमुख धार्मिक स्थल मध्ये एक हो । जमिनको सतहबाट केही माथि उठाई यसको निर्माण गरिएको छ । नेपालमा रहेका अधिकांश मन्दिरहरु जस्तै यस मन्दिर पनि मौलिक प्यागोडा शैलिमा निर्मित छ । यसमा धातुमा जलप लगाई तोरन निर्माण गरिनुका साथै टुप्पामा गजुर निर्माण गरिएको छ । यस गर्भगृहको ठीक उत्तर तर्फ गणेशको प्राचीन प्रस्तर मूर्ती अवस्थित छ । यस बाहेक यहाँ भीमसेनको प्रस्तर मूर्ती समेत रहेको छ । स्थानीय समुदायले गणेश चौथीका दिन गणेशलाई रथमा राखी बजार परिक्रमा गराउने प्रचलन रहेको छ । यस मन्दिरको सञ्चालन गुठीद्वारा गरिएको छ ।

### झाँक्रिस्थान



खलंगा बजार देखि दक्षिण पूर्वमा अवस्थित झाँक्रिस्थान एक आस्थाको केन्द्र हो । प्राचीन समयदेखि यस स्थानमा भक्तजनहरुको भक्ति र आस्था रहेको पाइन्छ । यस स्थानलाई झाँक्रिस्थान वा काँत्रेखोलाका देवता" भनी चिनिन्छ । खंलगाबाट यस ठाउँमा पुग्न करिब एक घण्टाको पैदल यात्रा गर्नुपर्दछ ।

यस स्थानको दर्शन गर्नाले भक्तजनहरुको मनोकांक्षा पुरा हुने विश्वास रहेकोले प्यूठान लगायत अन्य ठाउँहरुबाट भक्तजनहरु आई विशेषत त्रिशुल र घण्ट चढाउने गर्दछन् । साथै यस ठाउँमा

पञ्चबली समेत दिने गरिन्छ । यो क्षेत्र पर्यटकीय महत्वका क्षेत्रहरु मध्ये एक हो । केही पहिले यस थानमा विश्वकर्माहरुले देउली गरी भेडा चराउने गरेको पाइएको छ ।

## खलंगा शिवालय

खलंगा शिवालय खंलगाको सिकुवा डाँडामा रहेको छ । जंगबहादुर राणाका पिता रामकृष्ण कुँवरले निर्माण गरेको हुनाले यसको नामाकरण रामेश्वर महादेव गरिएको भन्ने भनाई छ । यस पूर्व इसाको १५ औं शताब्दी तिर यस स्थानमा जय मल्ल नाम गरेका राजाले पार्टी पौवा र चौतारी बनाएको र अक्षय तृतियाको दिन आगन्तुक र बटुवाहरुलाई सर्वत तथा भोज भतेर खुवाउने गरिएको भन्ने भनाइ छ । त्यस पार्टी पौवालाई व्यवस्थित गर्न, नृत्य पूजा गर्न साथै अन्य व्यवस्थापनको लागि ३५० मुरी जग्गा गुठी राखिएको भन्ने वि.सं १८६१ को रुक्का पत्रमा उल्लेख गरिएको छ । यस मन्दिरको पूर्व पट्टिको प्रवेशद्वारको दायाँबाँया भैरव तथा पार्वतीका मूर्तीहरु राखिएका छन् । मन्दिरको तोरन तथा टुँडालहरुमा कलात्मक आकृतीहरु कुँदिएका छन् । मन्दिरको गजुर समेत कलात्मक छ । यसबाट मन्दिरको कलात्मकता र प्राचिनता प्रतिविम्बित हुन्छ ।

## खलंगा भीमसेन मन्दिर

विशेष गरी नेवार समुदायले अगाध आस्था राख्ने भीमसेनको मन्दिर खलंगा बजारमा अवस्थित छ । यो मन्दिर समेत प्राचीन कलात्मक प्यागोडा शैलिमा निर्मित मन्दिर हो । मन्दिरको वरिपरि काठ र प्रस्तरका अन्य मूर्तीहरु रहेका छन् जसलाई स्थानीय भक्तजनहरुले भीमसेनका दाजुभाई भन्ने ठान्दछन् । भीमसेनलाई उभिएका अवस्थामा तरवार र ढाल लिइएको देखिन्छ । मन्दिरको तल्लो भागमा गर्भगृह छ । तोरणमा कलात्मक फुलबुटा साथै पशुपंक्षिहरुका आकृती बनाइएको छ । यसबाट मन्दिरमा तान्त्रिक प्रभाव रहेको आँकलन गर्न सकिन्छ । यस मन्दिरको व्यवस्थापन समेत वि.सं १८८२ देखि ४५ मुरी खेत गुठी राखी गरिएको भन्ने कथन छ ।

# अनुसूचीहरु

## अनुसूची १ः विद्यालयको विवरण

| क्र.स. | विद्यालयको नाम | ठेगाना | प्र.अ.को नाम | फोन नं. |
|---|---|---|---|---|
| १ | जनजागृति प्रा.वि., अर्भाङ | मल्लरानी १ | सुनिता जि.सी. | ९८४४९८५००१ |
| २ | खड्गेस्वरी प्रा.वि., चुदरिखोला | मल्लरानी १ | ईस्वर प्रसाद पौडेल | ९८४७९०१४९४ |
| ३ | जनता मा.वि., लुक्का | मल्लरानी १ | गोविन्द प्रसाद पौडेल | ९८६६९७५६८७ |
| ४ | जनज्योति प्रा.वि., अयरपोखरी | मल्लरानी १ | सिर्जना रिजाल | ९८४४९५०८३३ |
| ५ | सरसवति प्रा.वि., मरभुत | मल्लरानी २ | चुरामणि पुन | ९८४७३८०८७२ |
| ६ | जगदम्बा प्रा.वि., चुंजाखर्क | मल्लरानी २ | गिरीराज पौडेल | ९८४७१३२०३० |
| ७ | पलुशिद्ध प्रा.वि., खरेण्डांडा | मल्लरानी २ | शारदा आचार्य | ९८४७९००९९१ |
| ८ | जनकल्याण प्रा.वि., खन्नेखोला | मल्लरानी २ | सुशिला के.सी. | ९८४७८१५८३६ |
| ९ | अमर मा.वि., चुंजा | मल्लरानी २ | जीवलाल पौडेल | ९८५७८३३१८४ |
| १० | अमरज्योति प्रा.वि., डांडापोखरा | मल्लरानी ३ | पारशमणि श्रेष्ठ | ९८४७८२०४११ |
| ११ | सरस्वति आ.वि. बङचरे | मल्लरानी ३ | मनप्रसाद श्रेष्ठ | ९८४७८३९४२३ |
| १२ | वालविकास प्रा.वि., बुकेनी | मल्लरानी ३ | बिष्णुप्रसाद शर्मा | ९७४८५०४०६५ |
| १३ | जनजागृति प्रा.वि., जेविण्डांडा | मल्लरानी ३ | जानकी ज्ञवाली | ९८६०७५३८०० |
| १४ | जनकल्याण आ.वि., चौथीलगाउने | मल्लरानी ३ | टिकाबहादुर के.सी. | ९८४७८३८३८५ |
| १५ | भानूभक्त मा.वि., बर्बोट | मल्लरानी ३ | चक्रपाणि पौडेल | ९८४७८२१२७९ |
| १६ | शारदा मा.वि., चौरपानी | मल्लरानी ३ | कुलराज पौडेल | ९८४१४९३२६३ |
| १७ | जनजागृति मा.वि., कसेरी | मल्लरानी ४ | शोभा श्रेष्ठ | ९८४७८२०६४० |
| १८ | महेन्द्र मा.वि., खलंगा | मल्लरानी ४ | पिताम्वर पौडेल | ९८४७८२००६२ |
| १९ | खलंगा आ.वि. खलंगा | मल्लरानी ४ | दूर्गाभक्त श्रेष्ठ | ९८४७८२०१७१ |
| २० | भैरवनाथ प्रा.वि., पाण्डेडांडा | मल्लरानी ४ | मधुसुदन खड्का | ९८५७८३३८३४ |
| २१ | आदर्श प्रा.वि., दाह्लेखोला | मल्लरानी ५ | कमला कार्की | ९८४७८३९५०४ |
| २२ | भुमिविकास आ.वि., सरङकोट | मल्लरानी ५ | माधवप्रसाद आचार्य | ९८४७८६०८९९ |
| २३ | डांफे ई.वो.स्कुल, कसेरी | मल्लरानी ४ | देवा भुसाल | ९८५७८३३३१७ |
| २४ | मल्लरानी ई. बोर्डिङ | मल्लरानी ४ | राधेश्याम श्रेष्ठ | ९८५७८३३७४५ |

स्रोतः शिक्षा शाखा, मल्लरानी गा.पा., २०७६

अनुसूची २ः बाल विकास केन्द्रको विवरण

| क्र.सं. | बालविकास केन्द्रको नाम | ठेगाना | अनुमति मिति | मातृ विद्यालय |
|---|---|---|---|---|
| १ | जनजागृति बा.वि.के. | मल्लरानी १ अर्भाङ्ग | २०६३।३।१६ | प्रा.वि. अर्भाङ्ग |
| २ | वा.वि.के. थाम | मल्लरानी १ थाम | २०५८।५।१० | मा.वि. लुक्का |
| ३ | जनता वा.वि.के. | मल्लरानी १ लुक्का | २०६५।८।२० | मा.वि. लुक्का |
| ४ | जनचेतना वा.वि.के. | मल्लरानी १ सलिथुम | २०६९।२।१४ | प्रा.वि. अयरपोखरी |
| ५ | जनज्योति वा.वि.के. | मल्लरानी १ अयरपोखरी | २०६५।२।१५ | प्रा.वि. अयरपोखरी |
| ६ | सरस्वति वा.वि.के. | मल्लरानी २ मरुभुत | २०६३।८।२० | प्रा.वि. मरुभुत |
| ७ | जगदम्बा वा.वि.के. | मल्लरानी २ चुजाखर्क | २०६३।८।२० | प्रा.वि. चुंजाखर्क |
| ८ | देउराली वा.वि.के. | मल्लरानी २ खरेण्डाँडा | २०६२. | प्रा.वि. खरेण्डाँडा |
| ९ | जनता शिश वा.वि.के. | मल्लरानी २ चुजा | २०६४।५।२८ | मा.वि. चुँजा |
| १० | बा.वि.के.श्रीकोट | मल्लरानी ३ श्रीकोट | २०६६।१०।११ | प्रा.वि. डाँडापोखरा |
| ११ | अमरज्योति वा.वि.के. | मल्लरानी ३ डाडापोखरा | २०६५।१०।१५ | प्रा.वि. डाँडापोखरा |
| १२ | दिपज्योति वा.वि.के. | मल्लरानी ३ बञ्चरे | २०६३।३।१७ | आ.वि. बञ्चरे |
| १३ | बुद्ध वा.वि.के. | मल्लरानी ३ निसन्टाकुरा | २०५९।१२।२४ | आ.वि बञ्चरे |
| १४ | सरस्वति वा.वि.के | मल्लरानी ३ बञ्चरे | २०७४ | आ.वि बञ्चरे |
| १५ | जनकल्याण वा.वि.के. | मल्लरानी ३ चौथिलगाउने | २०६०।२।९ | आ.वि. चौथिलगाउने |
| १६ | बा.वि.के. अर्गेली | मल्लरानी ३ बर्बोट | २०५८।१०।१ | मा.वि. बर्बोट |
| १७ | जनजागृति वा.वि.के. | मल्लरानी ३ जेविण्डाँडा | २०७१।१।२ | प्रा.वि. जेविण्डाडा |
| १८ | बा.वि.के. चौरपानी | मल्लरानी ३ चौरपानी | २०५९।११।१६ | मा.वि. चोरपानी |
| १९ | शारदा वा.वि.के. | मल्लरानी ३ चौरपानी | २०६२।८।१ | मा.वि. चोरपानी |
| २० | बा वि के बुढाचौर | मल्लरानी ४ बुढाचौर | २०५८ | महेन्द्र मा.वि. |
| २१ | भैरवनाथ प्रा वि | मल्लरानी ४ पाँडेडांडा | २०६३ | भैरबनाथ प्रा.वि. |
| २२ | लाम्मेला वा वि के | मल्लरानी ४ लम्मेला | २०६६ | खलङ्गा आ. वि. |
| २३ | बा वि के गुठ कसेरी | मल्लरानी ४ कसेरी | २०५८ | जनजागृति मा. वि. |
| २४ | भूमि वा वि के सराङ्कोट | मल्लरानी ५ | २०६२ | भूमिविकास आ. वि. |
| २५ | सरस्बति वा वि के | मल्लरानी ४ | २०६२ | सरस्बति प्रा. वि. |
| २६ | बा वि के कसेरी | मल्लरानी ४ कसेरी | २०५६ | जनजागृति मा. वि. |
| २७ | प्रेमकला वा वि के | मल्लरानी ५ घोरथापा | २०६० | सराङ्कोट |
| २८ | मल्लरानी वा वि.के | मल्लरानी ४ टोप्रे | २०६२ | महेन्द्र मा. वि. |
| २९ | नमूना वा..वि.के | मल्लरानी ४ खलंगा | २०६० | महेन्द्र मा. वि. |

| | | | | |
|---|---|---|---|---|
| ३० | वा.वि.के खलङ्गा | मल्लरानी ४ | २०५५ | आ. वि. |
| ३१ | आदर्श वा.वि.के. | मल्लरानी ५ | | आदर्श प्रा. वि. |
| ३२ | वा.वि.के. चुँदरीखोला | मल्लरानी १ | २०७४ | खड्गेस्वरी प्रा. वि. |
| ३३ | वा.वि.के. खन्नेखोला | मल्लरानी २ | २०७४ | जनकल्याण प्रा. वि. |
| ३४ | वा.वि.के. बुकेनी | मल्लरानी ३ | २०७४ | बालविकास प्रा. वि. |
| ३५ | वा.वि.के रिठेखर्क | मल्लरानी ५ | २०७४ | आधारभुत सराङ्कोट |
| ३६ | वा.वि.के. टाकुरा | मल्लरानी ५ | २०७४ | प्रा. वि. दाह्रेखोला |

स्रोतः मल्लरानी गा.पा., २०७६

# अनुसूची ३ः बालक्लब विवरण

| क्र.सं. | क्लबको नाम | वडा नं | अपाङ्ग | | | दलित | | | जनजाति | | | अन्य | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | दृष्टिविहीन | ४ | | | | १ | | १ | | | | ३ | ४ | ७ | ४ | ४ | ८ |
| २ | चेतनशील | ४ | | | | २ | ३ | ५ | | | | ५ | ६ | ११ | ७ | ९ | १६ |
| ३ | मिमिरे | ४ | | | | | | | | | | ५ | ६ | ११ | ५ | ६ | ११ |
| ४ | प्रगतिशील | ४ | | | | | | | | | | | ११ | ११ | | ११ | ११ |
| ५ | नमुना | ४ | | | | १ | १ | २ | | | | ७ | ६ | १३ | ८ | ७ | १५ |
| ६ | जागृती | ४ | | | | १ | १ | २ | | | | ५ | ६ | ११ | ६ | ७ | १३ |
| ७ | कोपिला | ३ | | | | | | | | | | ५ | ६ | ११ | ५ | ६ | ११ |
| ८ | मल्लरानी | ४ | | | | | | | | | | ४ | ७ | ११ | ४ | ७ | ११ |
| ९ | सहयोगी | ३ | | | | | | | | | | १५ | १२ | २७ | १५ | १२ | २७ |
| १० | सक्रिय | ४ | | | | | | | | | | ७ | ८ | १५ | ७ | ८ | १५ |
| ११ | जनजागृती | ४ | | | | | | | | | | ९ | ५ | १४ | ९ | ५ | १४ |
| १२ | प्रतिभा | ४ | | | | | | | | | | १० | ८ | १८ | १० | ८ | १८ |
| १३ | मिलन | ४ | | | | | | | | | | १० | ९ | १९ | १० | ९ | १९ |
| १४ | सहयोगी | ४ | | | | | | | | | | १० | ४ | १४ | १० | ४ | १४ |
| १५ | शान्ति | ४ | | | | | | | | | | ११ | १४ | २५ | ११ | १४ | २५ |
| १६ | अनुशासन | ४ | | | | | | | | | | ५ | ८ | १३ | ५ | ८ | १३ |
| १७ | आदर्श | ५ | | | | | | | | | | ६ | ३ | ९ | ६ | ३ | ९ |
| १८ | झाँक्रिस्थान | ३ | | | | | | | | | | २० | ३५ | ५५ | २० | ३५ | ५५ |
| १९ | नवप्रतिभा | ३ | | | | | २ | २ | | | | ७ | ६ | १३ | ७ | ८ | १५ |
| २० | जागृती | ४ | | | | ३ | ३ | ६ | | | | २१ | २३ | ४४ | २४ | २६ | ५० |
| २१ | मिलिजुली | ४ | | | | ३ | ३ | ६ | | | | १३ | २६ | ४० | १६ | २९ | ४५ |
| २२ | सीर्जनशील | ४ | | | | १३ | १२ | २५ | | | | १९ | २४ | ४३ | ३२ | ३६ | ६८ |
| २३ | मल्लरानी | ४ | | | | ३ | ६ | ९ | | | | ११ | १७ | २८ | १४ | २३ | ३७ |
| २४ | उज्वल | ५ | | | | १ | ४ | ५ | | | | १२ | २१ | ३३ | १३ | २५ | ३८ |
| २५ | लालीगुराँस | ५ | | १ | १ | ६ | ७ | १३ | | | | २४ | २१ | ४५ | ३१ | २८ | ५९ |
| २६ | संघर्षशील | ५ | | | | १० | ७ | १७ | | | | १६ | १६ | ३२ | २६ | २३ | ४९ |
| २७ | सक्रिय | ५ | | | | | | | | | | ६ | १५ | २१ | ६ | १५ | २१ |
| २८ | सागर | ५ | | | | | | | | | | ७ | १५ | २२ | ७ | १५ | २२ |
| २९ | बाँझावारी | ५ | | | | | | | | | | १५ | १३ | २८ | १५ | १३ | २८ |
| ३० | उज्वल | ५ | | | | | | | | | | ५ | १४ | १९ | ५ | १४ | १९ |
| ३१ | गौमुखी | ५ | | | | | २ | २ | | | | ६ | १४ | २० | ६ | १६ | २२ |
| ३२ | मिलन | ४ | | | | | ३ | ३ | २ | ४ | ६ | ११ | ३२ | ४३ | १३ | ३९ | ५२ |
| ३३ | जनज्योति | ४ | | | | ६ | ४ | १० | २ | ५ | ७ | १८ | १४ | ३२ | २६ | २३ | ४९ |
| ३४ | नमुना | ४ | | | | | | | ९ | ५ | १४ | १८ | १३ | ३१ | २७ | १८ | ४५ |
| ३५ | काशीपानी सक्रिय | ४ | | | | | | | ८ | १३ | २१ | ११ | १९ | ३० | १९ | ३२ | ५१ |
| ३६ | सत्यदेवी | ४ | | | | | १ | १ | | | | १४ | १९ | ३३ | १४ | २० | ३४ |
| ३७ | झिम्रुक | ४ | | | | ६ | ३ | ९ | २ | ७ | ९ | १२ | १८ | ३० | २० | २८ | ४८ |
| ३८ | सरस्वती | ४ | | | | | ३ | ३ | ९ | ५ | १४ | १५ | ११ | २६ | २४ | १९ | ४३ |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **३९** | **शिवालय** | ४ | ३ | ३ | ६ | २ | | २ | ४ | १२ | १६ | ७ | २२ | २९ | १६ | ३७ | ५३ |
| **४०** | **लालिगुराँस सकृय** | ३ | | | | १४ | २ | १६ | | | | २६ | १८ | ४४ | ४० | २० | ६० |
| **४१** | **सक्षम प्रगतिशिल हाम्रो** | ३ | | | | ३ | ५ | ८ | १ | | १ | २० | २२ | ४२ | २४ | २७ | ५१ |
| **४२** | **शुभविहानी** | ३ | | | | | | | १२ | ५ | १७ | १७ | ८ | २५ | २९ | १३ | ४२ |
| **४३** | **मिलनसार** | ३ | | | | १ | २ | ३ | | २ | २ | १४ | २२ | ३६ | १५ | २६ | ४१ |
| **४४** | **नया प्रगतिसील** | ३ | | | | १ | १ | २ | ४ | १४ | १८ | ५ | १५ | २० | १० | ३० | ४० |
| **४५** | **फुलबारी** | ३ | | | | १३ | १५ | २८ | ७ | २ | ९ | २० | १७ | ३७ | ४० | ३४ | ७४ |
| **४६** | **हातेमालो** | ३ | | | | | | | २० | १४ | ३४ | २० | १४ | ३४ | ४० | २८ | ६८ |
| **४७** | **साहसी** | ३ | | | | १ | | १ | १० | १८ | २८ | १५ | २१ | ३६ | २६ | ३९ | ६५ |
| **४८** | **परिवर्तनशिल** | ३ | | | | २ | २ | ४ | १४ | १० | २४ | १६ | १५ | ३१ | ३२ | २७ | ५९ |
| **४९** | **कोपिला** | ३ | | | | | १ | १ | १ | ६ | ७ | ४ | ९ | १३ | ५ | १६ | २१ |
| | | | | | | | | | | | | | | ७६४ | ९१० | १६७४ | ७६४ |

*स्रोत : जिल्ला समन्वय समिती, प्यूठान २०७४*

## अनुसूची ४ः गाउँपालिका जनप्रतिनिधि विवरण

| सि.नं. | जनप्रतिनिधिहरुको नाम, थर | पद | प्रतिनिधित्व गरेको स्थान | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | अमर ध्वज राना मगर | गाउँपालिका अध्यक्ष | मल्लरानी गा.पा. | ९८४७८२१९१६ |
| २. | सरिता जि.सि. | गाउँपालिका उपाअध्यक्ष | मल्लरानी गा.पा. | ९८४७८२१९१५ |
| ३. | चिन्ता बहादुर राहुँ | वडा अध्यक्ष | वडा नं १ | ९८१८६६२९०८ |
| ४. | देवकला पुन | कार्यपालिका सदस्य | वडा नं १ | ९८६८६३८७८६ |
| ५. | सुर्य बहादुर सार्कि | गाउँसभा सदस्य | वडा नं १ | ९८०९४४३३२६ |
| ६. | मनकला वि.क. | गाउँसभा सदस्य | वडा नं १ | ९८६६९१२४५७ |
| ७. | कमल पौडेल | गाउँसभा सदस्य | वडा नं १ | ९८४७८७७५९० |
| ८. | लेख बहादुर थापा | वडा अध्यक्ष | वडा नं २ | ९८४३१५२९५९ |
| ९. | सिता पुन | कार्यपालिका सदस्य | वडा नं २ | ९८१०६९७८४५ |
| १०. | सिता नेपाली | गाउँसभा सदस्य | वडा नं २ | ९८११४३३१४८ |
| ११. | गणेश बहादुर जि.सि. | गाउँसभा सदस्य | वडा नं २ | ९८४७९७१९४६ |
| १२. | आत्माराम खत्रि | गाउँसभा सदस्य | वडा नं २ | ९८४७९२९११८ |
| १३. | गिरिराज पौडेल | वडा अध्यक्ष | वडा नं ३ | ९८६८६१३२५० |
| १४. | सुकमेलि परियार | कार्यपालिका सदस्य | वडा नं ३ | ९८४४९२७९८१ |
| १५. | चन्द्र बहादुर सार्कि | कायपालिका सदस्य | वडा नं ३ | ९८४७९८७२२९ |
| १६. | मेघराज आचार्य | गाउँसभा सदस्य | वडा नं ३ | ९८४७९७०२६७ |
| १७. | कुमारी वि.क. | गाउँसभा सदस्य | वडा नं ३ | ९८६८६१३४३८ |
| १८. | तेज बहादुर श्रेष्ठ | गाउँसभा सदस्य | वडा नं ३ | ९८६१५७८६३८ |
| १९. | कुमार श्रेष्ठ | वडा अध्यक्ष | वडा नं ४ | ९८४७८२०२७८ |
| २०. | हुमा कुमारी आचार्य (पोख्रेल) | कार्यपालिका सदस्य | वडा नं ४ | ९८४७८३९०२५ |
| २१ | हुमलाल नेपाली | कार्यपालिका सदस्य | वडा नं ४ | ९८४७८२११५८ |
| २२ | उजेलि वि.क. | गाउँसभा सदस्य | वडा नं ४ | ९८४७८५५३५२ |
| २३. | शिव बहादुर बस्नेत | गाउँसभा सदस्य | वडा नं ४ | ९८४७८२०५९८ |
| २४. | राजकुमार श्रेष्ठ | गाउँसभा सदस्य | वडा नं ४ | ९८४७८२०३४७ |
| २५. | राम बहादुर थापा | वडा अध्यक्ष | वडा नं ५ | ९८४७९०१०९७ |
| २६. | पुतला नेपाली | गाउँसभा सदस्य | वडा नं ५ | ९८४७९८७७२३ |
| २७. | विष्णा देवि थापा | गाउँसभा सदस्य | वडा नं ५ | ९८१०८२४३३३ |
| २८. | सुर्य बहादुर दर्लामि (थापा मगर) | गाउँसभा सदस्य | वडा नं ५ | ९८२१४१८५५३ |
| २९. | गोविन्द बहादुर सुनार | गाउँसभा सदस्य | वडा नं ५ | ९८४७८३८३४० |
| ३०. | शोभाराम रिजाल | प्रमुख प्रशासकिय अधिकृत | मल्लरानी गा.पा. | ९८४१२३७३३९ |

समाप्त




# मल्लरानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्यूठान, ५ नं. प्रदेश, नेपाल

Email: ito.mallaranimun@gmail.com
Website: ito.mallaranimun@gmail.com
Phone/Fax: 086420180